पुष्करलालद्वारा प्रतिष्ठापित

# नेपाल समाचारपत्र

राष्ट्रिय दैनिक

newsofnepal.com

सोमबार, साउन १४, २०८१ | Monday, July 29, 2024 | नेसं ११४४, दिल्लागा ९ | वर्ष २९, अंक १७० | पृष्ठ ८ | मूल्य रु १०/–




# एकै वर्षमा ८ लाख नेपाली रोजगारी खोज्दै विदेशिए

**नेपाल समाचारपत्र, काठमाडौं**

आर्थिक वर्ष २०८०/८१ मा ८ लाख बढी नेपाली रोजगारीको खोजीमा विदेशिएका छन्। अध्यागमन विभागकाअनुसार गत वर्ष विभिन्न उद्देश्यले विदेश गएका १६ लाख २१ हजार ५ सय ६६ जना नेपालीमध्ये ८ लाख ७ हजार ६ सय ९३ जना रोजगारीको सिलसिलामा विभिन्न देश पुगेका हुन्।

रोजगारी खोज्दै विदेश पुगेका अधिकांश नेपालीले कठिन परिश्रम गर्नुपर्ने बाध्यतामा रहेका छन्। कैयौं नेपालीहरू कामको सिलसिलामा अकाल मृत्युवरण गर्नसमेत बाध्य हुने गरेका छन्।

रोजगारी खोज्दै विदेश पुग्नेमा पुरुष ७ लाख १८ हजार ९ सय ८ र महिला ८८ हजार ७ सय ६३ जना रहेका छन्। अघिल्लो वर्ष २०७९/८० मा भने सात लाख ७१ हजार ३२७ जना नेपाली रोजगारी खोज्दै विभिन्न मुलुक पुगेका थिए। तथ्यांकअनुसार अघिल्लो वर्षभन्दा गत वर्ष रोजगारी खोज्दै विदेश जानेको संख्या बढेको छ। सरकारी तथ्यांकअनुसार आर्थिक वर्ष २०६४/६५ मा रोजगारी खोज्दै विदेश जाने युवायुवतीको संख्या २ लाख ४ हजारमात्रै रहेको थियो। तर, हाल सो संख्यामा ४ गुणाभन्दा बढीले वृद्धि भएको छ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार हाल प्रत्येक महिना औसतमा ६५ हजारभन्दा बढी र दैनिक झण्डै ३ हजार ३ सय नेपाली सुन्दर भविष्यको खोजी गर्दै विदेशतर्फ लाग्ने गरेको पाइएको छ।



**रोजगारी खोज्दै पुग्ने प्रमुख देश**

**यूएई, मलेसिया, साउदी अरेबिया, कतार, कुवेत, ओमान, बहराइन, दक्षिण कोरिया, जापान**

पछिल्ला दशकमा रोजगारी खोज्दै नेपाली युवा विदेशिने क्रम अत्यधिक बढेको छ। राजनीतिक अस्थिरताका कारण देशभित्र रोजगारी सिर्जना हुन नसक्दा युवाहरू रोजगारीका लागि विदेशिन बाध्य भएका छन्। विदेश जानेहरूको वार्षिक तथ्यांक हेर्दा गत वर्ष हालसम्मकै सबैभन्दा बढी ८ लाख ७ हजार ६ सय ९३ जना विदेश गएका थिए।

वैदेशिक रोजगार विभागका अनुसार नेपालीले रोजगारकालागि रोज्ने देशहरूमा खाडी राष्ट्रमध्ये सबैभन्दा पहिलो युएई रहेको छ। हाल युएई, मलेसिया, साउदी अरेबिया, कतार, कुवेत, ओमान, बहराइन, दक्षिण कोरिया, जापान नेपालीका प्रमुख श्रम गन्तव्यका रूपमा रहेका छन्।

त्यसैगरी युरोपेली मुलुक क्रोएसिया, पोल्यान्ड, रोमानियालगायतका देशमा श्रम स्वीकृति लिएर गइरहेका छन भने अन्य युरोपेली मुलुकमा चोरबाटो प्रयोग गरेर जाने युवाको संख्या पनि उल्लेख्य रहेको छ। अध्यागमन विभागका अनुसार अध्ययनका लागि विदेश जाने विद्यार्थीको संख्या पनि पछिल्लो समयमा बढेको छ। गत आर्थिक वर्षमा मात्रै अध्ययनका लागि विदेश जाने विद्यार्थीको संख्या १ लाख ११ हजार २ सय ८९ जना रहेको अध्यागमन विभागले जनाएको छ। त्यसै गरी सो अवधिमा उपचार गर्न विदेश जानेको संख्या २० हजार ५ सय ३ रहेको छ।

**सांसद श्रेष्ठको ६ बुँदे प्रस्ताव**

## सबै भाषाभाषीलाई अपनत्व हुने गरी संशोधन गर्न माग

**काठमाडौं, (नेस)**



काठमाडौं क्षेत्र नं ८ का सांसद तथा पूर्व मन्त्री विराजभक्त श्रेष्ठले विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा ६ बुँदे संशोधन प्रस्ताव पेस गर्नुभएको छ। संसद्को शिक्षा समितिमा बोल्दै सांसद श्रेष्ठले सबै भाषाभाषीले अपनत्व महसुस गर्ने गरी विधेयकलाई अन्तिम रूप दिनुपर्ने आवश्यकता औल्याउनु भएको थियो।

श्रेष्ठले सो विधेयकमा संशोधन प्रस्ताव पेस गर्दै विधेयकको परिच्छेद ३ को दफा ७ मा मातृभाषा थप्नुपर्ने प्रस्ताव गर्नुभयो। यसरी मातृभाषा थप्दा सम्पूर्ण नेपालीको बहुजातीयतालाई समेटनुपर्ने उहाँको तर्क रहेको छ। उहाँका अनुसार यस विषयलाई भाषा आयोगले समेत सिफारिस गरिसकेको छ। यसै गरी सो विधेयकको परिच्छेद ३ को उपदफा २ को (ग) मा नेपाली वा भन्ने हटाउने र नेपाली भाषामा पनि विभिन्न नजसमुदायका मातृभाषा भएको उल्लेख गर्न नपर्ने प्रस्ताव गर्नुभएको छ।

यसै गरी परिच्छेद ३ को दफा ८ को उपदफा २ को (घ) मा खण्ड (घ) थप्नुपर्ने, २०७२ सालमा जारी भएको नेपाल संविधानको भाग ३ मौलिक हक र कर्तव्यअन्तर्गत दफा ३२ मा भाषा तथा सांस्कृतिक हकको १ मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक छ भन्ने ठाउँमा प्रत्याभूत गर्न मातृभाषा शिक्षा लिने र परीक्षा दिन पाउने हक सुनिश्चित गर्नुपर्नेलगायतका ६ बुँदे संशोधन प्रस्ताव सांसद श्रेष्ठले पेस गर्नुभएको हो।

## काठमाडौंमा हैजा फैलिँदै

**काठमाडौं, (नेस)**

काठमाडौंमा पनि हैजाको जीवाणु फेला परेको छ। जनस्वास्थ्य कार्यालय काठमाडौंका अनुसार कालिमाटी क्षेत्रमा बसोवास गर्ने तीनजना पुरुषमा हैजाको जीवाणु देखिएको हो।

मुलुकभर अहिलेसम्म १३ जनामा हैजा लागेको पुष्टि भएको छ। उनीहरूलाई टेकु अस्पतालमा उपचारका लागि पुऱ्याइएको जनस्वास्थ्य कार्यालय काठमाडौंका प्रमुख डा. अर्जुनप्रसाद सापकोटाले जानकारी दिनुभयो।

यसअघि ललितपुरमा ७ जना र कैलालीमा ३ जनामा हैजाको जीवाणु फैलिएको पुष्टि भएको थियो। ललितपुरका केही बिरामी टेकु अस्पतालबाट भागेका थिए। शौचालयको ढल खानेपानीमा मिसिएपछि उपत्यकामा हैजा फैलिएको आशंका गरिएको छ। धाराको पानी कस्तो छ, प्रशोधित नगरिएको पानी खानेपानी जारमा भरेको पाइएको छ। जसका कारण राजधानीमा हैजा फैलिएको आशंका गरिएको छ। अधिकांश क्षेत्रमा पिउने पानी जारको प्रयोग गर्ने गरेको भए पनि कसरी हैजाको जीवाणु मानिसमा फैलियो भनेर सरकारले अनुसन्धान शुरू गरेको छ।

## समातिँदै हाइकिङका लुटेराहरू

**काठमाडौं, (नेस)**



राजधानी उपत्यका वरपर रहेका पहाडहरूमा साइक्लिङ र हाइकिङ गर्न जानेहरूलाई छानी छानी लुटपाट मच्चाउने गिरोहका एक लुटेरा पक्राउ परेका छन्।

केही समययता राजधानीका शिवपुरी, दक्षिणकाली, कालुपाण्डेलगायतका क्षेत्रमा एउटै टेकनिक प्रयोग गरी साइक्लिङ र हाइकिङ जानेहरूलाई नियन्त्रणमा लिएर निर्मम यातना दिएर लुटपाट गर्दै आएकामध्ये एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

लुटेराको समूहले प्रहरी प्रशासनको पहुँचबाहिर पारेर घुम्न जाने युवा-युवती तथा पाका उमेरका व्यक्तिहरूलाई लुटपाट गर्नेमध्ये मकवानपुरको पदम पोखरी बस्ने ५६ वर्षका धनबहादुर स्याङतानलाई जिल्ला प्रहरी परिसर काठमाडौंको विशेष टोलीले स्युचाटारबाट पक्राउ गरेको छ।

नागार्जुन नगरपालिका -७ बिन्दवासिनी मन्दिर नजिकैको जंगलमा सो समूहले शनिबार लुटपाट गरेपछि प्रहरीको टोलीले स्याङतानलाई हतियारसहित पक्राउ गरेको परिसरका प्रवक्ता प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो।

दक्षिणकाली, शिवपुरी, विन्दवासिनी मन्दिरनजिकै रहेको जंगलमा एउटै टेक्निक लगाएर लुटपाट भएको र लुटेरामध्ये २ जना फरार रहेकाले सोही गिरोहले राजधानी वरपरको जंगलमा आतंक मच्चाएको दाबी प्रहरीले गरेको छ।

शनिवार पनि लुटपाट भएको खबर पाएपछि खटिएको जिल्ला प्रहरी परिसरको टोलीले विभिन्न ठाउँमा चेकप्वाइन्ट नै राखेर खोजी गर्दा लुटेरा समूहका मुख्य व्यक्ति पक्राउ परेको एसपी अधिकारीले जानकारी दिनुभयो।

सो समूहले सवारी साधन प्रयोग गर्ने व्यक्तिहरूलाई टार्गेट गर्ने र शुरूमा व्यक्तिलाई नियन्त्रणमा लिएपछि कुटपिट गर्ने र सवारीसाधनको साँचो नियन्त्रणमा लिएर बस्ने आफु अनुकुलको वातावरण नभए लुटेर नियन्त्रणमा लिएको सवारी लिएर भाग्ने गरेको पनि प्रहरीले जानकारी दिएको छ।

प्रहरीले यसरी लुटपाटमा संलग्न रहेका समूहलाई नियन्त्रण गर्ने प्रयास गरेको भए पनि असफल हुँदै आएको थियो। शनिबार पनि फरक ठाउँमा लुटपाट गर्ने गिरोहले एउटै टेक्निक प्रयोग गरेर लुटपाट गरेको भन्ने खबर आएपछि उनीहरू भाग्न सक्ने सम्भावित ठाउँलाई पहिचान गरेर हामीले सो क्षेत्रमा प्रहरीलाई छुट्टा-छुट्टै समूह बनाएर परिचालन गरेको परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्त रजौरेले जानकारी दिनुभयो।

पक्राउ परेका स्याङतान नै लुटपाटको प्रमुख योजनाकार भएको देखिएको छ। अब हामी उसका सहयोगीको खोजीमा छौं। पक्राउ परेका लुटेराले अहिले खासै मुख खोलेको छैन हामीले अनुसन्धानालाई अघि बढाएका छौं एसएसपी रजौरेले भन्नुभयो।

# 'यौन शोषण' आरोपी प्रधानको पक्षमा होला निर्णय ?

**नेपाल समाचारपत्र, काठमाडौं**

यौन दुर्व्यवहारको आरोप लागेका प्रस्तावित निर्वाचन आयुक्त कृष्णमान प्रधानबारे आज सोमबार संसदीय सुनुवाइ समितिले निर्णय लिने भएको छ। गत हप्ता प्रधानको बारेमा संसदीय समितिमा सुनुवाई भए पनि निर्णय भने हुन सकेको थिएन। समितिले आज सोमबार के निर्णय गर्छ भन्ने विषय पेचिलो बन्दै गएको छ।

संवैधानिक अंगमा रहने व्यक्तिको नैतिकता उच्च हुनुपर्ने आवाज संसदीय समितिमा नै उठेको थियो। कुनै पनि व्यक्ति सार्वजनिक पद धारण गर्दा उसको नैतिकताको बारेमा प्रश्न उठेपछि नियुक्ति दिन नहुने आवाज चर्को रूपमा उठेको छ। समितिमा सांसदहरूले यो विषयमा प्रधानलाई केरकार गरेपछि प्रधानले आफूमाथि लागेको आरोपबारे जिल्ला अदालतमै सम्बन्धित व्यक्तिसँग मिलापत्र भइसकेको प्रष्टीकरण दिनुभएको थियो। अब आइन्दा यो विषय दुवैले कतै पनि नउठाउने सहमतिमा दुवैले हस्ताक्षर गरेको प्रधानले दाबी गर्नुभएको छ।



बलात्कारजस्तो गम्भीर आरोप लागेका प्रधानलाई आयुक्त बनाइए निर्वाचन आयोग र सिफारिस गर्ने सरकारमाथिको विश्वसनियतामाथि थप प्रश्न उठ्ने निश्चित छ। यौन शोषणजस्तो गम्भीर आरोप लागेकाले प्रधानमा उच्च नैतिक चरित्र नदेखिएको सांसदहरूले बताएका छन्। नेपाली कांग्रेसकी सांसद ईश्वरीदेवी न्यौपानेले 'एनजीओमा जागिरको लोभ देखाएर शारीरिक हिंसा गरेको' उजुरी प्रधानविरुद्ध परेको बताउँदै शारीरिक हिंसाबारे जिज्ञासा राख्नुभएको थियो। जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद प्रकाश अधिकारीले पनि प्रधानलाई आफूविरुद्ध लागेको उजुरीबारे स्पष्ट पार्न आग्रह गर्नुभएको थियो।

प्रधानको यसअघि असार २१ गते नै सुनुवाइ हुने तय भएर पनि रोकिएको थियो।

यौन शोषण गरेको जस्तो आरोप लागेको भन्दै समितिले असार २० गते उजुरीकर्ताको कुरा सुनेर बैठक स्थगित गरेको थियो। गत असार २ गते बसेको संवैधानिक परिषद्को बैठकले प्रधानलाई निर्वाचन आयोगको आयुक्तमा नियुक्त गर्न सिफारिस गरेको थियो।

उक्त सिफारिसपत्र परिषद्ले असार ४ गते सुनुवाइका लागि समितिमा पठाएको र असार ७ गते उजुरी आह्वान गरेको थियो।

## गोविन्दराज जोशी भ्रष्टाचारी ठहर

**काठमाडौं, (नेस)**

सर्वोच्च अदालतले पूर्वमन्त्री गोविन्दराज जोशीलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्दै ९ महिना कैद सजाय सुनाएको छ। मुद्दा दर्ता भएको १२ वर्षपछि सर्वोच्चले उक्त फैसला सुनाएको हो।

न्यायाधीशहरू विनोद शर्मा र बालकृष्ण ढकालको संयुक्त इजलासले सोमबार जोशीले ६९ लाख १५ हजार रुपियाँ बराबरको स्रोत नखुलेको सम्पत्ति राखेको भन्दै बिगो बराबर जरिवाना हुने फैसला गरेको हो।



२०४८ सालदेखि २०५९ सालसम्म विभिन्न सरकारी/सार्वजनिक पदमा रहँदा जोशीले स्रोत नखुलेको २ करोढ १६ लाख बराबरको सम्पत्ति थुपारेको ठहर गरेको थियो।

भ्रष्टाचार गरेजति नै जरिवाना र डेढ वर्ष कैद सजाय पनि विशेष अदालतले सुनाएको थियो। अख्तियारले दाबी गरेभन्दा झन्डै दुई करोड कम भ्रष्टाचार गरेको विशेषको ठहर थियो।

**राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं**

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुर्‍याऔं,
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
- मितव्ययी बनौं, फजुल खर्च नगरौं,
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं,
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रधानमन्त्रीले सचिवसँग लिए ब्रिफिङ

**काठमाडौं, (नेस)**

प्रधानमन्त्री केपी शर्मा ओलीले २१ वटै मन्त्रालयका मन्त्री र सचिवलाई बोलाएर सचिवहरूसँग लामो ब्रिफिङ लिनुभएको छ। प्रधानमन्त्री ओलीले आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा विभिन्न मन्त्रालयका मन्त्री र सचिवलाई बोलाई ब्रिफिङ लिनुभएको हो।

२१ वटा मन्त्रालयका सचिवहरूले पावर प्वाइन्टको प्रयोगबाट ७ देखि १० मिनेटसम्म आफ्ना कार्यालयका समस्या र समाधानका उपायसहित प्रधानमन्त्रीलाई ब्रिफिङ गरेका थिए। ब्रिफिङमा मन्त्रालयको कार्य अवस्था, भाबी कार्यदिशा, कर्मचारी दरबन्दी, नयाँ कार्यक्रम के कस्तो छ भन्नेजस्ता विषयमा गरेका थिए। त्यस्तै, मन्त्रालयमा कार्य सूचकको अवस्था कस्तो छ र कानुनी तथा संस्थागत भाबी कार्ययोजनाका बारेमा प्रकाश पारिएको थियो।

# केन्द्रकै निर्णयमा चल्ने संघीयता !

**नेपाल समाचारपत्र, काठमाडौं**

केन्द्र सरकार परिर्वतनसँगै प्रदेश सरकार पनि परिवर्तन हुने क्रमको निरन्तरताले अन्ततः प्रदेश स्वायत्त नभई केन्द्रकै निर्देशन चल्ने शासकीय इकाईजस्तो बन्न पुगेको छ। पछिल्लो संविधान निर्माणको मूल भूमिकामा रहेका ठूला राजनीतिक दलहरूले नै संविधान कार्यान्वयन गम्भीर लापरबाही गर्दै संघीयताको मर्म र भावनामाथि हुर्मत लिने काम गरेका हुन्।

संघीयता कार्यान्वयनका सन्दर्भमा आवश्यक कानुन निर्माण र प्रदेश तथा स्थानीय तहको अधिकार प्रत्यायोजनका सवालमा संघीय सरकार नै अलमलमा परेको छ। प्रदेश सरकार निर्माणमा समेत सीधै केन्द्र सरकारले हस्तक्षेप गर्ने परिपाटीले केन्द्रीय सत्ता गठबन्धन परिवर्तनसँगै त्यसको प्रत्यक्ष मार प्रदेशसमेतले बेहोर्नुपरेको छ।

संघीय व्यवस्थामाथि आमरूपमा वितृष्णा पैदा भइरहेको अवस्थामा संविधान निर्माणका मुख्य दलको गैर संवैधानिक गतिविधिले संघीय व्यवस्थालाई कमजोर बनाउँदै लगेको कोशी प्रदेशका पूर्व सभामुखसमेत रहेका माओवादी केन्द्रका सांसद बाबुराम गौतमले बताउनुभयो।

उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो-'केन्द्रमा बसेर प्रदेश चलाउने दलहरूको परम्परा नै गलत छ। यसले संघीयतालाई थप कमजोर बनाउने भएकाले दलहरूले त्यो परम्परालाई तोड्नु पर्छ र कानुनी तथा संवैधानिक रूपमासमेत केन्द्रीय सरकार परिवर्तनसँगै हुने प्रदेश सरकार फेरबदलको अभ्यास रोक्न जरुरी छ।'

## सम्पादकीय

# भ्रष्ट प्रवृत्ति त्याग

राष्ट्रसेवकको दर्जामा रहेका अधिकांश निजामती कर्मचारीहरूले पाएसम्म घूस र कमिसन खाने गरेका छन्। नीतिगत तहमा रहने उच्च प्रशासकहरूले राजनीतिक नेतृत्वसँग मिलेमतो गरी अकूत सम्पत्तिसमेत आर्जन गरिरहेको पाइन्छ। राष्ट्रसेवकहरू भ्रष्टाचारमा लिप्त भइरहेको तथ्य अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गर्ने भ्रष्टाचार मुद्दाको क्रमले पनि पुष्टि गर्छ। अख्तियारले गत आर्थिक वर्ष २०८०/८१ मा मात्रै विभिन्न दर्जा र सेवा समूहका गरी ५ सय २० जना कर्मचारीहरूलाई भ्रष्टाचार गरेको ठहर गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको छ। अख्तियारले मुद्दा दायर गर्ने कर्मचारीहरूको संख्या बर्सेनि बढ्दै गइरहेको देखिन्छ।

आम कर्मचारीहरूले नारा र बोलीमा सुशासनका मीठा–मीठा गफ हाँक्ने भए पनि व्यवहारमा भने उल्टो गर्दै भ्रष्टाचारमा लिप्त हुने क्रम घट्नुको साटो बढ्नु आफैँमा दुःखद पक्ष हो। मुलुकमा सुशासन दिने, देश र जनताको काम इमानदारितापूर्वक गर्ने शपथ खाएका राष्ट्रसेवकहरू धमाधम भ्रष्टाचार काण्डमा मुछिने क्रम बढ्दा त्यसले जनस्तरमा उनीहरूको साखसमेत नराम्ररी घट्न पुगेको छ। अख्तियारले गत आवमा निजामती प्रशासनको सर्वोच्च पदमा रहेका मुख्य सचिवविरुद्ध नै पहिलोपटक भ्रष्टाचार मुद्दा दायर गरेको थियो। त्यस अवधिमा मुख्य सचिवलगायत अन्य १२ जना विशिष्ट श्रेणीका कर्मचारीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको थियो। मुख्य सचिवमाथि नै भ्रष्टाचार मुद्दा दायर गरिएपछि निजामती प्रशासन थप बदनाम बन्न पुगेको छ।

अख्तियारले गतवर्ष सहसचिवस्तरका २५ जना, उपसचिवस्तरका ७२ जना, लेखापाल ५४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो। यसै गरी भ्रष्टाचार मुद्दा दायर गरिएकामा नायब सुब्बास्तरका १४४ जना, खरिदारस्तरका ३१ जना, जुनियर कर्मचारी १३ जना र कार्यालय सहयोगी २ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको थियो। यसरी अख्तियारको मुद्दा दायरको स्वरुप हेर्दा निजामती सेवामा रहेका सबै तह र तप्काका कर्मचारीहरू भ्रष्टाचारमा संलग्न भइरहेको देखिन्छ। निजामती क्षेत्रमा कार्यालय सहयोगीदेखि मुख्य सचिवसम्मकै कर्मचारीहरू भ्रष्टाचार प्रकरणमा मुछिएको देखिन्छ। विज्ञहरूका अनुसार सरकारका उच्च पदस्थ कतिपय कर्मचारीहरूले नीतिगत भ्रष्टाचारमा समेत संलग्न भएर अकूत सम्पत्ति आर्जन गरेका छन्। त्यसैले अख्तियारले त्यस्ता कर्मचारीको पहिचान गरी अकूत सम्पत्तिमा छानबिन गर्नुपर्ने आवश्यकता देखिएको छ।


अहिले सबैतिर भनिने र गुनासो गरिने विषय भनेकै नेपालमा कोही पनि इमानदार भएनन्, सदाचारी भएनन्, सबैतिर भ्रष्टाचार व्याप्त भयो। त्यसैले देश पनि खत्तम भयो। त्यसमा पनि जनताको करबाट तलब, सेवा–सुविधा लिने कर्मचारीहरूले घूस खाएर तथा अनियमित किसिमले पैसा आर्जन गर्दा उनीहरूले देश र जनतामाथि नै अपराध गरेको ठहर्छ। उनीहरूलाई चाहिने तलब र सेवा–सुविधा राज्यले राम्रै दिएको छ। जनताको करबाट तलब लिने कर्मचारीले जनताबाटै घूस खाने अपराधपूर्ण कार्य किमार्थ पनि गर्नुहुँदैन। अब आम कर्मचारीहरू सच्चिनुको विकल्प छैन। त्यसैले पुराना भ्रष्ट प्रवृत्ति अन्त्य गरी देश र जनताको हितमा समर्पित हुन पनि सबै कर्मचारीहरू नैतिकवान् र सदाचारी बन्नुपर्छ। सबै कर्मचारीले अब भ्रष्ट प्रवृत्ति त्याग्नै पर्छ।

**लेखकहरूलाई अनुरोध**

१३०० शब्दका उत्कृष्ट लेख-रचना एवम् पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : lekh_rachana@yahoo.com, samacharpatrac@gmail.com

# वर्तमान सरकार कति टिक्ला ?



केशव अधिकारी

अन्ततः नेकपा माओवादी एकता केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) नेतृत्वको सरकारलाई एमालेले विश्वासको मत फिर्ता लिई सत्ताबाट हट्न बाध्य बनाएरै छोड्यो। प्रचण्डले आफूले संसद्बाट पुनः विश्वासको मत लिएर देखाउने ध्वाँस देखाए पनि उनको पक्षमा जम्मा ६३ मत मात्र परेपछि प्रधानमन्त्रीको पदबाट राजीनामा गरेर नयाँ सरकारको लागि मार्गप्रशस्त गर्न बाध्य भए। यसै क्रममा गत असार ३१ गते नेकपा एमालेका अध्यक्ष केपी ओली चौथोपटक नेपालको कार्यकारी प्रधानमन्त्रीका रुपमा सत्तारोहण गरी सोही दिन शपथसमेत ग्रहण गरे। निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालको प्रधानमन्त्रीत्व कालमा देशका राजनीतिक व्यक्तित्व, सरकारी कर्मचारी आदिका भ्रष्टाचारी कुकर्मले गर्दा थला परेको देशलाई त्यसबाट मुक्त गर्न नसके पनि त्यसको उत्खनन गर्ने थालनी गरेकोमा आमजनतामा आशाको लहर पलाउन थालेको थियो। त्यसबाहेक भने प्रचण्ड नेतृत्वको सरकारले गरेका उल्लेख्य काम खासै देखिँदैनन्।

हालै गठन भएको केपी ओली नेतृत्वको सरकार पनि खास लामो समय टिक्ला भन्ने कुरा विश्वास गर्न सकिने ठाउँ छैन। प्रचण्ड नेतृत्वको सरकारले थालनी गरेको भ्रष्टाचारको चिरफार तथा भ्रष्टाचारीलाई उचित कार्यवाहीको दायरामा ल्याउने कामको निरन्तरता दिन नसकेको खण्डमा ओली सरकारको लामो समय टिक्ने आधार क्रमशः भत्कन थाल्छ। उनको सरकार चाँडै धराशायी हुन पुग्छ। यदि नेकपा एमाले बहुमतको एकल पार्टीको एकमना सरकार हुन्थ्यो भने अबको पूरै समय टिक्ने सम्भावना प्रबल रहने थियो। तर नेपाली कांग्रेस पार्टीसँग गाँसिएर बनेको सरकार हुनाले कांग्रेसका सभापति शेरबहादुर देउवाले आफ्नो मकसद पूरा हुँदै जान थालेपछिका दिनमा ओलीलाई पत्याउन छोड्ने दिन पनि आउँछ भनेर हेक्का राख्नुपर्ने हुन्छ।

ओली नेतृत्वको सरकारका नेताहरूले नै विगतको समयमा विभिन्न काण्डहरू मच्चाएको अभियोग लागेको मात्र होइन कि यिनले गरेका विभिन्न काण्ड जस्तै- नक्कली भुटानी शरणार्थी काण्ड, गिरीबन्धु काण्डजस्ता दर्जनौं काण्ड मच्चाएका कुरा छताछुल्ल भइसकेका छन्। भ्रष्टाचारको जुनसुकै काण्ड मच्चाउने भए पनि ती अपराधी मान्छे हुन् र तिनलाई सख्त कार्यवाही हुनै पर्छ भन्ने देखिन्छ। वर्तमान सरकारमा सहभागी कांग्रेस र एमालेका कतिपय नेता स्वयं विभिन्न अपराध कर्ममा लागेका र अहिले आफ्ना अपराध लुकाएर चोखिनको लागि सत्तामा गएका हुन् भन्ने विश्लेषणमा सत्यताको केही मात्रा भेटिन सक्छ। यी सबै कारणले गर्दा कमरेड केपी ओली नेतृत्वको सरकारको आयु प्रचण्डको जति पनि लामो नरहला भन्ने अनुमान राजनीतिक वृत्तमा समेत हुन थालेको पाइन्छ।

> वर्तमान सरकारमा सहभागी कांग्रेस र एमालेका कतिपय नेता स्वयं विभिन्न अपराध कर्ममा लागेका र अहिले आफ्ना अपराध लुकाएर चोखिनको लागि सत्तामा गएका हुन् भन्ने विश्लेषणमा सत्यताको केही मात्रा भेटिन सक्छ। यी सबै कारणले गर्दा कमरेड केपी ओली नेतृत्वको सरकारको आयु प्रचण्डको जति पनि लामो नरहला भन्ने अनुमान राजनीतिक वृत्तमा समेत हुन थालेको पाइन्छ।

नेतृत्व घटकका कांग्रेसी नेता तथा सभापति शेरबहादुर देउवाकी पत्नी आरजु देउवासमेत नक्कली भुटानी शरणार्थी काण्डजस्ता धेरै काण्डमा मुछिएको र प्रचण्ड नेतृत्वको सरकार कायम रहँदाकै बखतमा पक्राउ पर्न सक्ने डरले भारततिर भागेकी भनेजस्ता हल्ला पनि बजारमा नआएका होइनन्। यदि यो विषयमा यथार्थको मात्रा अधिक रहेछ भने वर्तमानको केपी ओली नेतृत्वको सरकार भनेको त भ्रष्टाचारीहरूकै बाहुल्यता भएको आपराधिक संगठनजस्तो पनि लाग्दो रहेछ। विभिन्न काण्ड मच्चाउनेजस्ता आपराधिक कर्म गरेर लागेको पाप पखाल्नको लागि सरकारको नेतृत्वमा रहेर आफूलाई जोगाउने तानाबानामा लाग्ने मूल उद्देश्यले बनेको सरकारले देश र जनताका लागि फाइदा हुने काम केही पनि गर्न सक्नेछैन। देश र जनताका हितमा काम गर्न नसक्ने सरकारसँग नेपाली जनताले कुनै महान् तथा निःस्वार्थ भावले गरिने कर्मको अपेक्षा राख्नु भनेको आकाशको फल आँखा तरी मर् भनेजस्तो मात्रै हो।

वर्तमान सरकारको नेतृत्व गरिरहेका केपी ओली महोदयले आफूलाई एक कम्युनिस्ट नेता नभनेर सिद्धान्त हराएको मान्छे भन्दा सुहाउँछ कि ? हिजोका दिनमा अर्को कम्युनिस्ट घटकको टाउको काटेर ल्याउने आदेश दिई हजुर सरकारको दास बनेका व्यक्तिसँग आज आन्द्रो जोडेर सत्ताको पखेटा चढ्दा अलिकति सरमको कुरो केही पनि हुने रहेनछ। सत्ताको मोहमा फसेको मान्छेले सिद्धान्त, आदर्श सबै कुरालाई कुनामा थोपरेर चोखो बन्न खोज्नुपर्ने रहेछ।

सत्तामा रहेको व्यक्तिलाई दिँदै आएको विश्वासको मतलाई अविश्वासमा परिणत गरेपछिका दिनमा सत्ताको बागडोर सम्हालेर अगाडिको सत्ताधारीले भन्दा राम्रा र देश र जनताका हितमा प्रभावकारी काम गर्न सकेको अवस्थामा मात्र दोस्रो सत्ताधारीले आमजनताको विश्वास जितेकोजस्तो महसुस होला। नत्र भने पहिलो र दोस्रोमा कुनै भेद हुँदैन वा दोस्रो अझै खराब वा लालची भएर अनियमितताका काममा पराकाष्ठा कटाउँछ भने ऊ सत्तारोहण गर्नुको औचित्य समाप्त भएर जान थाल्छ। त्यस्तै प्रचण्डको तुलनामा ओली र देउवाले के-कस्ता काम गरेर करोड नेपाली जनको मन जित्लान् त भन्ने प्रश्न उठ्छ। यो प्रश्नको उत्तरमा यदि जनप्रेमी काम गर्न सक्दैनौ भने नगर तर ज्यान मारेको प्रमाणित भई जेल सजाय भोग्दै गरेकोलाई शक्तिको भरमा उन्मुक्ति दिई आमजनता त्रस्त भएर बाँच्नुपर्ने वातावरण भुलेर पनि सिर्जना नगर।

हाल सरकारको नेतृत्व गरिरहेका दुवै प्रमुख दलका प्रमुख नेताहरूले कम्तीमा तीन-चारपटकसम्म प्रधानमन्त्रीको कुर्सीमा बसेर शायद जीवनभर पुग्ने धन सञ्चय गरिसकेको होला। त्यसैले अब कुनै कुनाबाट पनि अनियमित तरिकाले धन कमाउने धन्दा नगर्दा हुन्छ। भरसक आफूलाई लागेको आरोप भागेर वा लुकेर छल्न खोजी सामना गरेको जस्तो नाटक गर्दै नगर्नु उचित हुन्छ। परिआइलागेमा आफूले गरेको कुकर्मको फल भोग्न तयार भएर आफ्नो महानताको परिचय दिनु राम्रो हुन्छ। पछिका पुस्ताले पनि त्यो बाटोलाई सजिलै अनुशरण गर्न सकून्।

हालको ओली नेतृत्वको सरकार देशको उन्नतिको लागि, भ्रष्टाचार नियन्त्रणको लागि, सुशासनको लागि बनेको हो। प्रचण्ड नेतृत्वको सरकारले यी कामहरू प्रभावकारीरुपमा गर्न नसकेको भएर उक्त सरकारलाई अल्पमतमा पारी दुई पार्टीको सरकार बनेको हो भनेर वर्तमान प्रधानमन्त्री केपी ओलीले बोलिसकेको अवस्था हो तापनि ओली नेतृत्वको सरकारले उनीहरूले भनेजस्तै उन्नतिका काम गर्लार् भनेर आम जनताले पत्याउन छोडिसकेका छन्। किन यस्तो भयो भने, यिनले आम नेपाली जनतालाई धेरैपटक धोका दिएर आजित बनाएका छन्। कमरेड प्रचण्डको शासनकालमा पनि जनताको भनाइ वा प्रतिक्रिया त्यति सकारात्मक थिएन। अब ओली नेतृत्वको सरकार पनि कुनै उद्देश्यबेगर सत्तामा आएको छ। किन सत्ताको लागि मरिहत्ते गरेको भन्ने सन्दर्भमा भन्ने हो भने, प्रचण्डका कार्यकर्ताले खान पाएको निकै समय भयो तर एमाले र कांग्रेसका कार्यकर्ताले खान नपाएकोले उनीहरूलाई पनि खाने मौका जुराएको भन्दा फरक नपर्ला। यसरी भागवण्डा गरेर भए पनि कार्यकर्ता पोस्ने र नेता मोटाउनेभन्दा बाहेकका सिन्को भाँच्ने कामसमेत ओली नेतृत्वको सरकार होस् कि देउवा नेतृत्वको सरकार वा भर्खरै बाहिर परेको प्रचण्ड सरकार, कसैले पनि देशहितको कामना राखेर सुकर्मतिरको बाटो लाग्ने कर्म यतिको लामो इतिहासमा शायदै भएन होला। सत्तारोहण गर्ने व्यक्ति वा समूहले कस्तो विचारले अभिप्रेरित भएर सत्तारोहण गर्दै हुन्छ, त्यसै अनुसारका कर्मकाण्डहरू गर्न उद्यत् रहन्छ। आफू र आफ्नाले गरेका देश लुट्नेजस्ता घातक कामलाई लुकाएर सजायको भागीदार बन्नबाट जोगिनेजस्तो विचार बोकेर सत्तारोहण गरेका ओली र देउवाले अरु कुन खालका राम्रा काम गर्लान् त ? भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो। खुरापाती सोच बोकेर सत्ता साझेदारीको सहयात्रा गर्दै गरेका दुई राजनीतिक दलका मन्त्री, कार्यकर्ता कसैले पनि गैरकानुनी काम नगरी कानुनकै दायरामा रहेर जीवन बाँच्न सकिने आदर्श उदाहरण प्रस्तुत गर्न सकेको खण्डमा मात्र नेतृत्व गर्ने नेता महान् व्यक्तिका रुपमा स्थापित हुन सक्नेछन्। होइन भने आजका दिनमा नै करोड जनताले बहिष्कार गरेको नेतृत्व लाचारीका साथ पुनरागमन गर्दै गर्दा आम जनताको मनमा कुनै खुशीयाली छैन। बरु त्यसको साटोमा निराशा छाएको छ। आफ्नो उपस्थितिले ती निराश भएका आम नेपालीको मुहार एउटा विश्वास र भरोसाको लहर दौडाएर थोरै चमकदार बनाउन नसक्नेले सत्ताको लालसा देखाएर किन मरिहत्ते गर्नु ?

हाल सत्तारोहण गरेको नेतृत्वले अब पनि कुविचारबाट निसृत भई कुकर्मकै खातिर सत्ताको लालसा देखाएको रहेछ भने उसले कहिल्यै पनि क्षमा पाउनेछैन। आखिर सार भनाइ यही हो कि आम मानवलाई फाइदा पुग्ने खालका कर्म गर्न नसक्नेले एमसीसी पास गर्नेजस्ता भविष्यसम्म असर रहने खालका कुकर्म नगर्नु नै बुद्धिमानी ठहरिनेछ।

भर्खर सत्तारोहण गरेकाहरूले आफूलाई विगतका आपराधिक कर्मको दोषबाट जोगाएर चोखो पानी छर्कने विचारले सरकारमा सामेल भएका कोही भए त्यो विचार उनीहरूको दूरदृष्टिको अभावले सिर्जना भएको केवल एउटा भ्रम मात्र हो भन्न सकिन्छ। जब मानिसमा कुविचार पलाउँछ, काम पनि कुकर्म नै हुन्छ र सुविचारमा सुकर्म नै हुने गर्दछ। त्यसैले केपी ओली नेतृत्वको सरकारले सक्छ भने सुविचारका साथ देश र जनताको भलाइका काम गरोस्, होइन कुविचारमै डुबेको भए कुनै कामै नगरोस् तर पापकर्मचाहिँ गर्दै नगरोस्।

## पाठक पत्र

### कर्मचारी हुन् वा नेताहरू, स्वार्थ मात्रै हेर्छन्

सरकारले जनप्रतिनिधि र सरकारी कर्मचारीलाई सरकारी गाडी दिन्छ। तर, कार्यालय लागेको दिन घरबाट कार्यालय र कार्यालयबाट घर जानका लागि मात्र गाडी दिइएको हुन्छ। सार्वजनिक बिदाको दिन वा अफिस टाइमबाहेक गाडी प्रयोग गर्न पाइँदैन। जनताले तिरेको करमा गाडी किनिएको हो। त्यो दुई पाङ्ग्रे होस् या चार पाङ्ग्रे। एउटै गाडीमा चार लाखदेखि २५ करोडसम्म लगानी गरिएको छ।

अर्कोतर्फ कतिपय जनप्रतिनिधि र कर्मचारीलाई चालक पनि दिइएको हुन्छ भने कतिपयले भने आफैं गाडी चलाउँछन्। अहिले जनप्रतिनिधि, कर्मचारीहरूले आफ्नो बालबच्चाको विद्यालय आउजाउका लागि पनि सरकारी गाडी दुरुपयोग गरेको प्रशस्तै देखिन्छ। सार्वजनिक बिदाको दिनसमेत आफन्त भेटघाट, घुमफिरका लागि सरकारी गाडीको दुरुपयोग गरेको देखिन्छ।

कतिपय त सरकारी गाडी लिएरै विवाह, भोजभतेरमा गएको पनि भेटिन्छ। सरकारी गाडी जनताले तिरेको करमा किनिएको हो। यति मात्र होइन, त्यहाँको सवारीचालकलाई तलब, पेट्रोल र गाडी मर्मत गर्दा पनि जनताले नै तिरेको कर प्रयोग हुन्छ। जनताको सेवा गर्छु र राष्ट्रको हितका लागि काम गर्छौं भनेर जनताबाटै भोट लिएर जनप्रतिनिधिहरू आएका हुन्छन्।

यता, कर्मचारीहरूलाई राष्ट्रसेवक पनि भनिन्छ। उनीहरूले जागिर खाएकै दिन जनता र राष्ट्रको लागि काम गर्छौं, भ्रष्टाचार गर्दैनौं भनेर कसम खाएका हुन्छन्। तर, जनता र राष्ट्रको सेवा गर्ने भन्दै आएर सरकारी सम्पत्ति र आफ्नो पदको दुरुपयोग गर्छन्। जनप्रतिनिधि र कर्मचारीहरू कतिसम्म ठग हुन्छन् भनेर भन्नुपर्दा भनिसक्नु छैन। सरकारले पुग्दो तलबभत्ता र सेवासुविधा दिए पनि उनीहरूलाई पुग्दैन।

कहाँ र कताबाट कमिसन आउँछ र भ्रष्टाचार गर्न पाइन्छ भनी कुरेर बस्छन्। सरकारी गाडी आफन्तलाई सिकाउनका लागि प्रयोग गर्छन्। ठोक्काउँछन्, कुच्याउँछन्। अनि मर्मत गर्दा एक लाख लागेमा वर्कसप व्यवसायीसँग मिलेर तीन लाखको बिल बनाई भुक्तानी लिन्छन्। र, आधा-आधा रकम बाँड्छन्। सात दिन फिल्डमा गएर महिनाभरि गएको भन्दै तलबभन्दा थप रकम बुझ्छन्।

कार्यालयमा आवश्यक सामान खरिदमा समेत भ्रष्टाचार गर्छन्। पाँच हजारको सामान किनेमा पाँच हजारको बिल बनाएर भुक्तानी लिन्छन्। कार्यालयमा भएको नयाँ सामानसमेत आफ्नो घर लैजान्छन्। सरकारी कार्यालयहरूमा किनेको दुई-तीन वर्ष भएको गाडी पनि थन्क्याएर राखेको देखिन्छ। त्यस्ता गाडीमा पानी जमेको वा झार उम्रेको भेटिन्छ। कर्मचारी, जनप्रतिनिधिहरू नयाँ गाडी किनेको किन्यै गर्छन्। अनि एक-दुई वर्ष हुनासाथ थन्क्याइदिन्छन्। नयाँ गाडी किन्दा अटो शोरुमसँग मिलेर लाखौं रुपियाँ कमिसन बुझ्छन्।

जनप्रतिनिधि, कर्मचारीहरूलाई जनताले तिरेको करमा खाजा पनि खुवाइन्छ। तर, उनीहरू खाजामा समेत अनियमितता गर्छन्। दशजना मिटिङ बसेमा तीस पोका महँगो खाजा मगाउँछन्। अनि बाँकी सबै खाजा आ-आफ्नो घर लैजान्छन्। कतिपय कर्मचारीले त अफिसमै क्यान्टिन चलाएको पनि पाइन्छ। तलब जनताले तिरेको करबाट खान्छन् तर कामचाँहि आफ्नो क्यान्टिनमा गर्छन्।

क्यान्टिनमा प्रयोग भएको बत्ती, पानीलगायतको पैसा पनि राज्यलाई तिर्दैनन्। कतिपयले त भाडासमेत तिर्दैनन्। कानुनअनुसार कर्मचारीहरू बिहान सवा १० बजेभित्र कार्यालय आइसक्नुपर्छ। त्यस्तै, बेलुका ५ बजेसम्म कार्यालयमा बस्नुपर्छ। तर, यहाँ त कर्मचारीहरू १२ बजे आउँछन् अनि ३ बजे हिँड्छन्। सो समयमा पनि आफन्तसँग टेलिफोनमा गफ गरेर बस्छन्। फेसबुक चलाउँछन् र कर्मचारी-कर्मचारी एकै कोठामा भेला भई राजनीतिक गफ हाँक्छन्।

सरकारी कर्मचारीले राजनीतिक दलको सदस्यता लिन पाइँदैन भनेर कानुनमै उल्लेख छ। कार्यालय समयमा राजनीतिक गफ पनि गर्न पाइँदैन। यद्यपि, कर्मचारीहरू नै कानुनलाई धोती लगाइदिन्छन्। कतिपय कर्मचारीले त पहिल्यै महिनौं दिनको हाजिर गर्छन् अनि कार्यालय आउँदैनन्। कतिपय भने कार्यालय आउँछन् अनि हाजिर गर्नासाथ काम छ भन्दै घरतिर लाग्छन्।

बजार अनुगमनमा जानुपर्ने कर्मचारी व्यापारीको घर पुग्छन्। र, रक्सी पाटी गर्छन्। कतिपय कर्मचारी जनताको काम पैसाविना गर्दैनन्। यहाँ एकजना पनि राष्ट्रसेवक छैनन्। कतिपय त लोकसेवाबाट लडेर आएका पनि होइनन्। सबै राजनीतिक पार्टीले नियुक्ति गरेका झोले हुन्। सरकारी कर्मचारीहरू प्रधानमन्त्री, मन्त्री, सांसद, मेयर, वडाध्यक्षसँग नरम बन्छन् र नजिक हुन्छन्। उनीहरूको गुलामी गर्छन्।

अनि यता जनताको भने कुनै काम नै गर्दैनन्। सानो कामको लागि पनि घूस माग्छन्। फेरि यस्ता कर्मचारीलाई सरकारले बिमा, उपचार निःशुल्क गरिदिएको हुन्छ। जनताको तिरेको करमा देश-विदेश घुमाइन्छ। कर्मचारीहरूलाई तलबभत्ता, पेन्सन, पोशाक र अन्य सेवासुविधा जनताले नै तिरेको करबाट दिइएको हुन्छ। ०७२ असोज ३ गते नेपालमा संविधान बन्यो। भारतले नेपालमा नाकाबन्दी लगायो। भारतको नाकाबन्दीविरुद्ध एमालेका अध्यक्ष केपी शर्माले बोले। तर, यो उनको नौटङ्की मात्र थियो। नेपाली जनता सीधा थिए र ओलीको नौटङ्की वा उखानटुक्का बुझेनन्।

२०७४ मंसिर १० र २१ गतेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा जनताले एमालेलाई बहुमतले जिताए। ०७४ सालमा राष्ट्रिय सभाको सदस्यमा ओलीले कोमल वलीलाई मनोनीत गरिदिए। जबकि उनी अघिल्लो दिनसम्म राप्रपाकी नेतृ थिइन्। उनी सरकारी कर्मचारी र कलाकार पनि थिइन्। अघिल्लो दिनसम्म राप्रपाकी नेतृ रहेकी वली भोलिपल्टै एमालेको कोटाबाट सांसद बनिन्। यति मात्र होइन, ०७९ मंसिर ४ गतेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा वलीले एमालेसँग दाङ क्षेत्र नम्बर ३ बाट टिकट पाइन्। एमालेमा वर्षौं लागेका नेताहरूले टिकट पाएनन् तर वलीलाई दिइयो। यद्यपि, उनले चुनाव जितिनन्। किनकि जनताले उनीमाथि विश्वास गरेनन्।

केही महिनाअघि मात्र केपी ओलीले राष्ट्रिय सभामा डा. अन्जान शाक्यलाई मनोनीत गरिदिए। जबकि उनी एउटा डाक्टर हुन्। उनको राजनीतिक पृष्ठभूमि केही छैन। नवराज सिलवाल पनि पूर्वप्रहरी हुन्। ओलीले ०७४ सालको निर्वाचनमा उनलाई ललितपुर क्षेत्र नम्बर १ बाट टिकट दिए। त्यति बेला सिलवाल निर्वाचित पनि भएका थिए। ओलीले निकै संघर्ष गरेका आफ्ना पार्टीमा लागेका पुराना नेताहरूलाई टिकट दिएनन्। एउटा पूर्वकर्मचारीलाई दिए। ०७९ सालको निर्वाचनमा पनि सिलवाललाई त्यही क्षेत्रबाट टिकट दिइएको थियो। तर, उनले चुनाव जितेनन्। पूर्वप्रहरी सर्वेन्द्र खनाललाई पनि एमालेले ०७९ मंसिर ४ गतेको निर्वाचनमा काठमाडौं क्षेत्र नम्बर ८ बाट टिकट दिएको थियो। यहाँ पनि वर्षौं पार्टीमा लागेका व्यक्तिले टिकट पाएनन्।

टिकट पाए पनि खनालले चुनाव जितेनन्। किनकि काठमाडौंका जनताले उनलाई पत्याएनन्। तनहुँ क्षेत्र नम्बर २ का सांसदसमेत रहेका रामचन्द्र पौडेल राष्ट्रपतिमा नियुक्त भएपछि उक्त क्षेत्र रिक्त भएको थियो। निर्वाचन आयोगले ०८० वैशाख २ गते तनहुँ-२ मा पुनर्निर्वाचन गरायो। ओलीले यस क्षेत्रमा समेत यसअघि चुनाव हारिसकेका खनाललाई नै टिकट दिए। नयाँलाई अवसर नदिई पुरानो त्यसमाथि हार व्यवहोरिसकेका व्यक्तिलाई टिकट दिइयो।

०७४ फागुन ३ गते ओली प्रधानमन्त्रीमा नियुक्त हुँदा नेपालको विदेशी ऋण सात खर्ब थियो। ०७८ असार २८ गतेसम्म प्रधानमन्त्री रहेका उनले त्यति बेलासम्म विदेशी ऋण १९ खर्ब पुर्‍याइदिए। सरकारले जेठ १५ गते आर्थिक वर्ष २०८१-०८२ को बजेट भाषण ल्यायो। बजेटमार्फत तलब, सुविधा नबढेको भन्दै संसद् सचिवालयका कर्मचारीले आन्दोलन गरे। तत्कालीन अर्थमन्त्री माओवादीका नेता वर्षमान पुनले राज्यबाट स्रोत नभएको तलब, सुविधा बढाउन नसकिने स्पष्ट जवाफ दिएका थिए। तर, एमालेका तत्कालीन कानुनमन्त्री पदम गिरीले कर्मचारीहरूसँग तलब बढाउने सम्झौता गरे। ओलीको पहिलाको कार्यकाल पनि झुटको खेतीमै गएको थियो र अब पनि यस्तै हुनेछ, सबै सचेत हुनुपर्छ।


**- रूषा थापा, भक्तपुर**

## सामाजिक सञ्जाल



सौर्य एयर दुर्घटनामा परेका मृतकका परिवारलाई क्षतिपूर्ति दिन नेकपा समाजवादीले माग गर्‍यो तर त्रिशूली दुर्घटनाका मृतक परिवारलाई क्षतिपूर्ति माग्न बिर्सियो। भुइँ तहका मानिसलाई बिर्सिएर के राजनीति गर्छौ ललितानिवासहरू ?

**Nirmal Prasai**
@NirmalPrasai5



रास्वपाले 'मानव तस्करी' भन्न मिल्ने गरी भिसाका लागि पत्र लेख्ने उपसभामुखलाई राजीनामा गराएर 'अरु कस-कसले लेखेका छन्, छानबिन गरौँ' भनेर सुधारका लागि बाध्य पार्न सक्थ्यो। अरुका बारेमा प्रश्न उठाएरै जन्मिएको पार्टी आफ्ना बारेमा प्रश्न उठ्दा 'अरुले पनि त गरेका छन्' भनेर पन्छिन मिल्छ ?

**Bishnu Rijal**
@bishnurijal1



चरम लापरबाही र कुव्यवस्था ! सौर्य एयरलाइन्सको प्राविधिकरुपमा खराब अर्थात् मेन्टेनेन्स गर्नुपर्ने अवस्थामा रहेको विमानलाई उडाउन अनुमति वा निर्देशन दिने व्यक्ति वा निकाय को हो, यो दर्दनाक हवाई दुर्घटनाको मुख्य जिम्मेवार उही हो। तत्काल अनुसन्धान र कडा कारबाही अघि बढाइयोस्।

**Madanmohan**
@Madankkharel

# आँखै रसिलो





वि देशमा रहेका नेपालीको मुद्दा उठान गरिएको फिल्म *यो मन त मेरो नेपाली हो*मा समावेश गीत *तिम्रो आँखै रसिलो* सार्वजनिक गरिएको छ।

सार्वजनिक गीतमा दीपक शर्माको शब्द रचना र संगीत तथा सबिन सुवेदी र अस्मिता अधिकारीको स्वर रहेको छ। रोशन श्रेष्ठ र आयुषा समाल फिचर्ड गीतमा कविराज गहतराजको कोरियोग्राफी छ। गीतमा *मेरो डान्स युनिभर्स*की विजेता खुशी कार्की, नारायण प्रधान, *डी आइडी*का *टप टेन डान्सर* नरेशवीर सिंहलाई फिचरिङ गरिएको छ। आयुषा *मेरो डान्स कप युएसएकी फर्स्ट रनर्सअप* हुन्।


झापा र इलामका साथै भारतको सिक्किम, दार्जिलिङ, जयगाउँ पश्चिम बंगाल र अमेरिकामा खिचिएको फिल्ममा भारत, मलेसिया, पोल्यान्ड, अस्ट्रिया, बेल्जियम, ट्युनिसिया, जर्मनी, साउथ अफ्रिकालगायत देशका कलाकारले अभिनय गरेका छन्।

अमेरिका निवासी साहित्यकार मित्र प्रधान (नर) को  कथा र निर्देशन रहेको फिल्म पद्मा ईश्वर इन्टरटेन्मेन्ट प्रालिका मित्र प्रधानले प्रस्तुत तथा ज्ञानबहादुर प्रधान (रोशन) ले निर्माण गरेका हुन्। फिल्ममा रोशन श्रेष्ठ, विल्सनविक्रम राई, बुद्धि तामाङ हैट, विजय बराल, आयुषा समाल, नारायण खाती, भूपेन्द्र लिङ्देन 'मन्त्री', सुबास भण्डारी, विजय सुब्बा, विजिता बर्देवा, देवराज राजवंशीलगायतले अभिनय गरका छन्। निर्देशक मित्रका अनुसार फिल्मले नेपाली भाषा, साहित्य, कला तथा यसको इतिहास, महत्व र नेपाली भाषाको गौरवसँगै नेपाली को हुन् भन्ने विषयवस्तु उठान गर्न खोजेको छ। शिवम् अधिकारीको लेखन रहेको फिल्मले विश्वका विभिन्न देशमा बसोबास गर्दै आएका नेपालीले आफ्नो कला, संस्कार, संस्कृति बिर्सिंदै गएकाले फिल्मको माध्यमबाट नेपाली भाषाप्रतिको आकर्षण, महत्व र इतिहास दर्साउने दाबी गरिएको छ।

रोचक तथ्य


# रोबिन रिहाना
## जसको नाममा देशभर उत्सव मनाइन्छ

रोबिन रिहाना फेन्टी २१औं शदाब्दीका चर्चित गीतकार एवम् गायिका हुन्। सन् १९८८ मा उत्तर अमेरीकी देश बार्बाडोसको सेन्ट माइकलमा जन्मिएकी रिहाना राजधानी ब्रिजटाउनमा हुर्किएकी थिइन्। सन् २००५ देखि सांगीतिक करिअर शुरू गरेकी रिहानाको म्युजिक अफ द सन, अ गर्ल लाइक मी, गुड गर्ल गोन ब्याडजस्ता गीत विश्वभर चर्चित छन्। हाल दुई सन्तानकी आमा रहेकी रिहानाबारे केही रोचक तथ्य :






- रिहानाले १५ वर्षको उमेरमै गायन शो जितेकी थिइन्। १६ वर्षको उमेरमै विद्यालयमा भएको ब्युटी पेजेन्ट जितेकी थिइन्।
- उनले सन् २००३ मा आफ्ना दुई केटी साथीसँग मिलेर बार्बाडोसमा ब्यान्ड गठन गरेकी थिइन्।
- रिहानाको पहिलो एल्बम *म्युजिक अफ द सन* अगस्ट २००५ मा रिलिज भएको थियो। जुन *बिलबोर्ड*को *उत्कृष्ट दुई सय चार्ट*को १० नम्बरमा पुग्यो र विश्वव्यापीरूपमा दुई मिलियनभन्दा बढी प्रति बिक्री भएको थियो।
- सन् २००६ बाट शरीरमा ट्याटु बनाउन थालेकी रिहानाको शरीरमा हालसम्म २५ भन्दा बढी ट्याटु छन्।
- सन् २००६ मा रिहानाले बिलिभ फाउन्डेसन खोलेकी थिइन्। जुन गम्भीररूपमा बिरामी भएका बच्चालाई उपचारमा मद्दत गर्न खोलिएको थियो।
- सन् २००८ मा बार्बोडसका पूर्वराष्ट्रपतिले *रिहाना डे* घोषणा गरेका थिए। जुन बार्बोडसमा हरेक वर्ष २२ फेब्रुअरीका दिन मनाइन्छ।



- उनले आफ्नो कस्मेटिक ब्रान्ड फेन्टी ब्युटी सञ्चालन गर्दै आएकी छन्। लभीएमएचसँगको सहकार्यमा कस्मेटिक्स ब्रान्ड फेन्टी ब्युटी र साभेज एक्स फेन्टी लिंगेरीमा पनि उनको सेयर रहेको छ।
- फोर्ब्सको सन् २०२३ को लिस्टअनुसार उनी *सेल्फ मेड महिला अर्बपति*को सूचीमा २०औं स्थानमा छिन्। उनको कुल सम्पति १४ बिलियन डलर रहेको छ।
- उनीसँग ९ वटा *ग्रामी अवार्ड*, १३ वटा *अमेरिकन म्युजिक अवार्ड*, १२ वटा *बिलबोर्ड म्युजिक अवार्ड* र ६ वटा *गिनिज वर्ल्ड रेकर्ड* रहेका छन्।
- उनका प्रेमी असप रक्कीको साथ दुई बच्चा भए पनि उनले हालसम्म विवाह भने गरेकी छैनन्।

# हरि र शान्तिश्रीलाई विस्ताराले पोल्यो



गायकगायिका हरि गिरी विमर्शी र शान्तिश्री परियारको स्वरमा *विस्ताराले पोल्यो* बोलको गीत हालै सार्वजनिक गरिएको छ।

हरिकै शब्द रचना र संगीत रहेको आइटम गीत हरि गिरी विमर्शी युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो। सञ्चिता बोलाखे र रमेश विश्वकर्माको नृत्य र अभिनय रहेको गीतको भिडियोमा कामुक हाउभाउ र दृश्य समावेश गरिएको छ।

रामजी लामिछानेको निर्देशन र कोरियोग्राफी रहेको गीतको भिडियोमा अजय रेग्मीको छायांकन र बन्दे प्रसादको सम्पादन रहेको छ।



# आराध्य र दीक्षा नेशन्स् गट ट्यालेन्ट




गायन र नृत्यको टेलिभिजन रियालिटी शो *नेसन्स् गट ट्यालेन्ट* केही अघि सम्पन्न भएको छ।

देशभरका ८ देखि १३ वर्षका सहभागी *नेशन्स गट ट्यालेन्ट*मा नृत्यतर्फ आराध्य महर्जन विजयी हुँदा दीपशिखा कार्की *फस्ट*, साम्रगी पन्थी *सेकेन्ड*, आयु खत्री *थर्ड* र मोनालिषा धामी *फोर्थ रनर्सअप* भए। त्यसैगरी गायनतर्फ दीक्षा उप्रेती विजयी भइन् भने अप्सानी डंगोल *फस्ट*, अर्पण विश्वकर्मा *सेकेन्ड*, रितिन झा *थर्ड* र युमी राई *फोर्थ रनर्सअप* भए। रियालिटी शोका दर्शकको भोटका आधारमा विजयी घोषणा गरिएको थियो।

रियालिटी शोमा देशका प्रमुख स्थानबाट गायन तथा नृत्य विधाका सयौंले अडिसन दिएका थिए। त्यसमध्ये निर्णायक मण्डलको निर्णयको आधारमा उत्कृष्ट २६ छनोट गरी दुवै विधाबाट १६-१६ जना अर्को चरणमा प्रवेश गरेका थिए। निर्णायकको निर्णयको आधारमा १२ प्रतिस्पर्धीको *प्रिमियर राउन्ड* घोषणा गरिएको थियो। रियालिटी शोको गायन विधामा गायक आनन्द कार्की र गायिका देविका बन्दना तथा  नृत्य विधामा अभिनेत्री तथा नृत्यांगनाद्वय मिथिला शर्मा र गौरी मल्ल निर्णायक रहेका थिए।

एचडी च्यानल एपी-१ टेलिभिजनबाट प्रसारित रियालिटी शो भोलिका लागि गायन र नृत्य क्षेत्रका लागि उदयीमान प्रतिभाको सम्भावना खोज्नु रहेको शोका प्रोजेक्ट हेड तथा निर्देशक लबबहादुर कार्कीले बताए। कार्यक्रम

हाँस्य कलाकार दमन रुपाखेती र प्रनिमा दहालले सञ्चालन गरेका थिए।

THIS AD
IS FOR
GEN Z

नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA
TAKE A BREAK FROM THE SCREEN

# NADA AUTOMOBILES ASSOCIATION OF NEPAL

(An ISO 9001:2015 QMS Certified Organization)

1st Floor, Signature Apartment-II, Shahid Shukraraj Marg, Teku-12, Kathmandu, Nepal, Tel: 4100175, 4100015, E-mail: nada@mail.com.np, Website: www.nada.org.np

## सवारी तथा ढुवानी साधन आयातकर्ता कम्पनीहरूको अधिकतम मूल्यसूची (MRP)

२०८१ श्रावण १४ गते

### Distributor's Name : K.M.C. Automobiles PVT. LTD. VAT: 500026700 SUZUKI
Address: Jhamsikhel, Lalitpur, Nepal, Tel: 5545891-5

| S.N. | Vehicle Details | Shape/Size | Brand | Model | Engine Capacity (CC) | Country of Origin | Unit | Per Unit Cost | Selling Price (MRP) NPR |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Alto K10 LXI | 998cc | India | 1 | 2,699,000 | 2,699,000 |
| 2 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Alto K10 VXI | 998cc | India | 1 | 2,799,000 | 2,799,000 |
| 3 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Alto K10 VXI+ | 998cc | India | 1 | 2,899,000 | 2,899,000 |
| 4 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Alto K10 VXI AGS | 998cc | India | 1 | 3,099,000 | 3,099,000 |
| 5 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Alto K10 VXI+ AGS | 998cc | India | 1 | 3,199,000 | 3,199,000 |
| 6 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Celerio LXI | 998cc | India | 1 | 2,999,000 | 2,999,000 |
| 7 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Celerio VXI | 998cc | India | 1 | 3,199,000 | 3,199,000 |
| 8 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Celerio ZXI | 998cc | India | 1 | 3,399,000 | 3,399,000 |
| 9 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Celerio ZXI+ | 998cc | India | 1 | 3,599,000 | 3,599,000 |
| 10 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Celerio VXI AGS | 998cc | India | 1 | 3,499,000 | 3,499,000 |
| 11 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Celerio ZXI AGS | 998cc | India | 1 | 3,749,000 | 3,749,000 |
| 12 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Celerio ZXI+ AGS | 998cc | India | 1 | 3,949,000 | 3,949,000 |
| 13 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Wagon R VXI 1.0 | 998cc | India | 1 | 3,159,000 | 3,159,000 |
| 14 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Wagon R VXI AGS 1.0 | 998cc | India | 1 | 3,399,000 | 3,399,000 |
| 15 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Wagon R ZXI | 1197cc | India | 1 | 3,349,000 | 3,349,000 |
| 16 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Wagon R ZXI + (Monotone) | 1197cc | India | 1 | 3,499,000 | 3,499,000 |
| 17 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Wagon R ZXI + (Dualtone) | 1197cc | India | 1 | 3,529,000 | 3,529,000 |
| 18 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Swift LXI | 1197cc | India | 1 | 3,899,000 | 3,899,000 |
| 19 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Swift VXI | 1197cc | India | 1 | 4,099,000 | 4,099,000 |
| 20 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Swift VXI (O) | 1197cc | India | 1 | 4,249,000 | 4,249,000 |
| 21 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Swift ZXI | 1197cc | India | 1 | 4,499,000 | 4,499,000 |
| 22 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Swift ZXI+ | 1197cc | India | 1 | 4,699,000 | 4,699,000 |
| 23 | Maruti Suzuki Vehicles | Hatch Back | Suzuki | Swift ZXI+ Dual Tone | 1197cc | India | 1 | 4,729,000 | 4,729,000 |
| 24 | Maruti Suzuki Vehicles | UV | Suzuki | Fronx Sigma | 1197cc | India | 1 | 4,149,000 | 4,149,000 |
| 25 | Maruti Suzuki Vehicles | UV | Suzuki | Fronx Delta | 1197cc | India | 1 | 4,349,000 | 4,349,000 |
| 26 | Maruti Suzuki Vehicles | UV | Suzuki | Fronx Delta+ | 1197cc | India | 1 | 4,499,000 | 4,499,000 |
| 27 | Maruti Suzuki Vehicles | UV | Suzuki | Fronx Delta AGS | 1197cc | India | 1 | 4,649,000 | 4,649,000 |
| 28 | Maruti Suzuki Vehicles | UV | Suzuki | Fronx Delta+ AGS | 1197cc | India | 1 | 4,899,000 | 4,899,000 |
| 29 | Maruti Suzuki Vehicles | UV | Suzuki | Fronx Delta + MT Turbo | 998cc | India | 1 | 4,999,000 | 4,999,000 |
| 30 | Maruti Suzuki Vehicles | UV | Suzuki | Fronx Zeta MT Turbo | 998cc | India | 1 | 5,449,000 | 5,449,000 |
| 31 | Maruti Suzuki Vehicles | UV | Suzuki | Fronx Alpha Monotone MT Turbo | 998cc | India | 1 | 5,849,000 | 5,849,000 |
| 32 | Maruti Suzuki Vehicles | UV | Suzuki | Fronx Alpha Dualtone MT Turbo | 998cc | India | 1 | 5,879,000 | 5,879,000 |
| 33 | Maruti Suzuki Vehicles | UV | Suzuki | Fronx Zeta AT Turbo | 998cc | India | 1 | 6,349,000 | 6,349,000 |
| 34 | Maruti Suzuki Vehicles | UV | Suzuki | Fronx Alpha Monotone AT Turbo | 998cc | India | 1 | 6,749,000 | 6,749,000 |
| 35 | Maruti Suzuki Vehicles | UV | Suzuki | Fronx Alpha Dualtone AT Turbo | 998cc | India | 1 | 6,779,000 | 6,779,000 |
| 36 | Maruti Suzuki Vehicles | UV | Suzuki | Brezza LXI | 1462cc | India | 1 | 4,649,000 | 4,649,000 |
| 37 | Maruti Suzuki Vehicles | UV | Suzuki | Brezza VXI | 1462cc | India | 1 | 4,949,000 | 4,949,000 |
| 38 | Maruti Suzuki Vehicles | UV | Suzuki | Brezza Smart Hybrid ZXI (Mono tone) | 1462cc | India | 1 | 5,349,000 | 5,349,000 |
| 39 | Maruti Suzuki Vehicles | UV | Suzuki | Brezza Smart Hybrid ZXI (Dual tone) | 1462cc | India | 1 | 5,379,000 | 5,379,000 |
| 40 | Maruti Suzuki Vehicles | UV | Suzuki | Brezza Smart Hybrid ZXI+ (Mono tone) | 1462cc | India | 1 | 5,849,000 | 5,849,000 |
| 41 | Maruti Suzuki Vehicles | UV | Suzuki | Brezza Smart Hybrid ZXI+ (Dual tone) | 1462cc | India | 1 | 5,879,000 | 5,879,000 |
| 42 | Maruti Suzuki Vehicles | UV | Suzuki | Brezza VXI AT | 1462cc | India | 1 | 5,699,000 | 5,699,000 |
| 43 | Maruti Suzuki Vehicles | UV | Suzuki | Brezza Smart Hybrid ZXI AT (Mono tone) | 1462cc | India | 1 | 6,049,000 | 6,049,000 |
| 44 | Maruti Suzuki Vehicles | UV | Suzuki | Brezza Smart Hybrid ZXI AT (dual tone) | 1462cc | India | 1 | 6,079,000 | 6,079,000 |
| 45 | Maruti Suzuki Vehicles | UV | Suzuki | Brezza Smart Hybrid ZXI + AT (Mono tone) | 1462cc | India | 1 | 6,499,000 | 6,499,000 |
| 46 | Maruti Suzuki Vehicles | UV | Suzuki | Brezza Smart Hybrid ZXI + AT (Dual tone) | 1462cc | India | 1 | 6,529,000 | 6,529,000 |
| 47 | Maruti Suzuki Vehicles | UV | Suzuki | Grand Vitara Smart Hybrid Sigma | 1462cc | India | 1 | 5,799,000 | 5,799,000 |
| 48 | Maruti Suzuki Vehicles | UV | Suzuki | Grand Vitara Smart Hybrid Delta | 1462cc | India | 1 | 6,099,000 | 6,099,000 |
| 49 | Maruti Suzuki Vehicles | UV | Suzuki | Grand Vitara Smart Hybrid Zeta | 1462cc | India | 1 | 6,699,000 | 6,699,000 |
| 50 | Maruti Suzuki Vehicles | UV | Suzuki | Grand Vitara Smart Hybrid Alpha 2WD Monotone 5MT | 1462cc | India | 1 | 7,499,000 | 7,499,000 |
| 51 | Maruti Suzuki Vehicles | UV | Suzuki | Grand Vitara Smart Hybrid Alpha 2WD Dualtone 5MT | 1462cc | India | 1 | 7,529,000 | 7,529,000 |
| 52 | Maruti Suzuki Vehicles | UV | Suzuki | Grand Vitara Smart Hybrid Alpha 4WD Monotone 5MT | 1462cc | India | 1 | 8,299,000 | 8,299,000 |
| 53 | Maruti Suzuki Vehicles | UV | Suzuki | Grand Vitara Smart Hybrid Alpha 4WD Dualtone 5MT | 1462cc | India | 1 | 8,329,000 | 8,329,000 |
| 54 | Maruti Suzuki Vehicles | UV | Suzuki | Grand Vitara Strong Hybrid Zeta + (Monotone) e-CVT | 1490cc | India | 1 | 9,549,000 | 9,549,000 |
| 55 | Maruti Suzuki Vehicles | UV | Suzuki | Grand Vitara Strong Hybrid Zeta + (Dualtone) e-CVT | 1490cc | India | 1 | 9,579,000 | 9,579,000 |
| 56 | Maruti Suzuki Vehicles | UV | Suzuki | Grand Vitara Strong Hybrid Alpha + (Monotone) e-CVT | 1490cc | India | 1 | 10,099,000 | 10,099,000 |
| 57 | Maruti Suzuki Vehicles | UV | Suzuki | Grand Vitara Strong Hybrid Alpha + (Dualtone) e-CVT | 1490cc | India | 1 | 10,129,000 | 10,129,000 |
| 58 | Maruti Suzuki Vehicles | UV | Suzuki | Jimny Zeta MT | 1462cc | India | 1 | 6,299,000 | 6,299,000 |
| 59 | Maruti Suzuki Vehicles | UV | Suzuki | Jimny Alpha MT | 1462cc | India | 1 | 6,799,000 | 6,799,000 |
| 60 | Maruti Suzuki Vehicles | UV | Suzuki | Jimny Alpha Dual MT | 1462cc | India | 1 | 6,829,000 | 6,829,000 |
| 61 | Maruti Suzuki Vehicles | UV | Suzuki | Jimny Zeta AT | 1462cc | India | 1 | 6,949,000 | 6,949,000 |
| 62 | Maruti Suzuki Vehicles | UV | Suzuki | Jimny Alpha AT | 1462cc | India | 1 | 7,349,000 | 7,349,000 |
| 63 | Maruti Suzuki Vehicles | UV | Suzuki | Jimny Alpha Dual AT | 1462cc | India | 1 | 7,379,000 | 7,379,000 |
| 64 | Maruti Suzuki Vehicles | Van | Suzuki | Eeco Cargo | 1197cc | India | 1 | 1,899,000 | 1,899,000 |
| 65 | Maruti Suzuki Vehicles | Van | Suzuki | Eeco 5 Seater STD | 1197cc | India | 1 | 3,199,000 | 3,199,000 |
| 66 | Maruti Suzuki Vehicles | Van | Suzuki | Eeco 5 Seater with AC | 1197cc | India | 1 | 3,299,000 | 3,299,000 |
| 67 | Maruti Suzuki Vehicles | Van | Suzuki | Eeco 7 Seater STD | 1197cc | India | 1 | 3,229,000 | 3,229,000 |

### Distributor's Name : MAW Enterprises P. Ltd. PAN No: 304913071 Phone No.: 01- 4261160 YAMAHA
Address: Tripureshwor, Kathmandu

| सि.नं. | माल वस्तुको विवरण | आकार/प्रकार | मोडल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | YAMAHA | Scooter | RAY ZR DISC 125 HYBRID | 125cc | INDIA | 1 | 299,900 | 299,900 |
| 2 | YAMAHA | Scooter | RAY ZR DISC 125 HYBRID-PREMIUM | 125cc | INDIA | 1 | 302,900 | 302,900 |
| 3 | YAMAHA | Scooter | RAY ZR DISC 125 HYBRID-PREMIUM + | 125cc | INDIA | 1 | 307,900 | 307,900 |
| 4 | YAMAHA | Scooter | RAY ZR DISC 125 HYBRID OBD II DLX | 125cc | INDIA | 1 | 305,900 | 305,900 |
| 5 | YAMAHA | Scooter | RAY ZR 125 STD HYBRID OBD II | 125cc | INDIA | 1 | 279,900 | 279,900 |
| 6 | YAMAHA | Scooter | RAY ZR SR 125 HYBRID | 125cc | INDIA | 1 | 314,900 | 314,900 |
| 7 | YAMAHA | Scooter | RAY ZR SR 125 HYBRID OBD II | 125cc | INDIA | 1 | 323,900 | 323,900 |
| 8 | YAMAHA | Scooter | RAY ZR SR 125 HYBRID PREMIUM OBD II | 125cc | INDIA | 1 | 325,900 | 325,900 |
| 9 | YAMAHA | Scooter | AEROX 155 - OBD II | 155cc | INDIA | 1 | 499,900 | 499,900 |
| 10 | YAMAHA | Scooter | T-MAX | [illegible] | INDIA | 1 | 3,499,000 | 3,499,000 |
| 11 | YAMAHA | Motorcycle | FZ-FI V2 SD | 150cc | INDIA | 1 | 355,900 | 355,900 |
| 12 | YAMAHA | Motorcycle | FZS FI V2 DD | 150cc | INDIA | 1 | 374,900 | 374,900 |
| 13 | YAMAHA | Motorcycle | FZS FI V3 STD | 150cc | INDIA | 1 | 379,900 | 379,900 |
| 14 | YAMAHA | Motorcycle | FZS V3 ABS X-CONNECT | 150cc | INDIA | 1 | 399,900 | 399,900 |
| 15 | YAMAHA | Motorcycle | FZS V3 ABS DELUXE | 150cc | INDIA | 1 | 404,900 | 404,900 |
| 16 | YAMAHA | Motorcycle | FZS V3 ABS DELUXE (COLOR WHEEL) | 150cc | INDIA | 1 | 409,900 | 409,900 |
| 17 | YAMAHA | Motorcycle | MTN 155 STD V1 | 155cc | INDIA | 1 | 524,900 | 524,900 |
| 18 | YAMAHA | Motorcycle | MTN 155 DLX V1 | 155cc | INDIA | 1 | 528,900 | 528,900 |
| 19 | YAMAHA | Motorcycle | R15 MI (MMC) | 155cc | INDIA | 1 | 639,900 | 639,900 |
| 20 | YAMAHA | Motorcycle | R15 V4 (DPBMY) | 155cc | INDIA | 1 | 620,900 | 620,900 |
| 21 | YAMAHA | Motorcycle | R15 V4 (LGB / VRC) | 155cc | INDIA | 1 | 615,900 | 615,900 |
| 22 | YAMAHA | Motorcycle | FZX | 149cc | INDIA | 1 | 445,900 | 445,900 |
| 23 | YAMAHA | Motorcycle | Fazer 25 | 249cc | INDIA | 1 | 429,900 | 429,900 |

### Distributor's Name : Sipradi Trading Pvt. Ltd. PAN: 300045022 TATA
Address: Thapathali, Kathmandu, Tel: 4241658

| सि.नं. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 118 | LCV Buses - BB STARBUS SKOOL 36+1S ED LP712/42 BS3 | LCV Buses - BB | TATA | STARBUS SKOOL 36+1S ED LP712/42 BS3 | 3783 | INDIA | 1 | 4,970,000 | 4,970,000 |
| 119 | LCV Buses - BB STARBUS SKOOL 40+1S ED LP712/42 BS3 | LCV Buses - BB | TATA | STARBUS SKOOL 40+1S ED LP712/42 BS3 | 3783 | INDIA | 1 | 5,195,000 | 5,195,000 |
| 120 | LCV Buses STARBUS 40+A+D AC SKL LP712/42 BS4 | LCV Buses | TATA | STARBUS 40+A+D AC SKL LP712/42 BS4 | 3783 | INDIA | 1 | 5,795,000 | 5,795,000 |
| 121 | LCV Buses SKOOL LP407/34 30+D BS4 | LCV Buses | TATA | SKOOL LP407/34 30+D BS4 | 2956 | INDIA | 1 | 4,100,000 | 4,100,000 |
| 122 | PANEL VAN WINGER 14S BS6 NAC | PANEL VAN | TATA | WINGER 14S BS6 NAC | 2179 | INDIA | 1 | 4,775,000 | 4,775,000 |
| 123 | PANEL VAN WINGER 18+D BS6 NAC SKL | PANEL VAN | TATA | WINGER 18+D BS6 NAC SKL | 2179 | INDIA | 1 | 4,860,000 | 4,860,000 |
| 124 | PANEL VAN PORCLN, WHITE-WINGER CARGO 3488 HR 2+D | PANEL VAN | TATA | PORCLN, WHITE-WINGER CARGO 3488 HR 2+D | 2179 | INDIA | 1 | 3,790,000 | 3,790,000 |
| 125 | ACE ACE FACE LIFT HT- BL BS3 | ACE | TATA | ACE FACE LIFT HT- BL BS3 | 702 | INDIA | 1 | 1,550,000 | 1,550,000 |
| 126 | ACE ACE HT BLUE BS4 | ACE | TATA | ACE HT BLUE BS4 | 702 | INDIA | 1 | 1,550,000 | 1,550,000 |
| 127 | ACE ACE HT FT HOLB B3 | ACE | TATA | ACE HT FT HOLB B3 | 702 | INDIA | 1 | 1,530,000 | 1,530,000 |
| 128 | ACE ACE FL HT HD BS4 | ACE | TATA | ACE FL HT HD BS4 | 702 | INDIA | 1 | 1,600,000 | 1,600,000 |
| 129 | ACE ACE XL BS4 | ACE | TATA | ACE XL BS4 | 798 | INDIA | 1 | 1,410,000 | 1,410,000 |
| 130 | ACE ACE MEGA BS4 | ACE | TATA | ACE MEGA BS4 | 798 | INDIA | 1 | 1,415,000 | 1,415,000 |
| 131 | ACE ACE MEGA XL BS3 | ACE | TATA | ACE MEGA XL BS3 | 798 | INDIA | 1 | 1,750,000 | 1,750,000 |
| 132 | ACE SUPER ACE MINT BS4 | ACE | TATA | SUPER ACE MINT BS4 | 1396 | INDIA | 1 | 1,960,000 | 1,960,000 |
| 133 | ACE SUPERACE MINT BS4 ABS | ACE | TATA | SUPERACE MINT BS4 ABS | 1396 | INDIA | 1 | 1,960,000 | 1,960,000 |
| 134 | ACE REEFER VAN ON SUPER ACE | ACE | TATA | REEFER VAN ON SUPER ACE | 1396 | INDIA | 1 | 2,250,000 | 2,250,000 |
| 135 | ACE ACE HOP TIP HT BS4 | ACE | TATA | ACE HOP TIP HT BS4 | 702 | INDIA | 1 | 1,870,000 | 1,870,000 |
| 136 | ACE ACE SUPER ACE SKIPLOADER BS3 | ACE | TATA | SUPER ACE SKIPLOADER BS3 | 1396 | INDIA | 1 | 2,450,000 | 2,450,000 |
| 137 | ACE STEEL CONTAINER ON SUPER ACE | ACE | TATA | STEEL CONTAINER ON SUPER ACE | 1396 | INDIA | 1 | 1,960,000 | 1,960,000 |
| 138 | ACE INTRA V10 BS4 | ACE | TATA | INTRA V10 BS4 | 798 | INDIA | 1 | 1,870,000 | 1,870,000 |
| 139 | ACE INTRA V20 BS4 | ACE | TATA | INTRA V20 BS4 | 1199 | INDIA | 1 | 2,245,000 | 2,245,000 |
| 140 | ACE INTRA V30 NON AC BS6 | ACE | TATA | INTRA V30 NON AC BS6 | 1496 | INDIA | 1 | 2,475,000 | 2,475,000 |
| 141 | ACE STEEL CONTAINER ON INTRA V20 BS4 | ACE | TATA | STEEL CONTAINER ON INTRA V20 BS4 | 1199 | INDIA | 1 | 2,270,000 | 2,270,000 |
| 142 | ACE REEFER VAN ON INTRA V20 BS4 | ACE | TATA | REEFER VAN ON INTRA V20 BS4 | 1199 | INDIA | 1 | 2,750,000 | 2,750,000 |
| 143 | ACE ACE GOLD P HD BS6 | ACE | TATA | ACE GOLD P HD BS6 | 694 | INDIA | 1 | 1,825,000 | 1,825,000 |
| 144 | SCV_EV TATA ACE EV Container | SCV_EV | TATA | TATA ACE EV Container | 27 | INDIA | 1 | 2,299,000 | 2,299,000 |
| 145 | Pickup XENON YODHA SC 4X2 BS4 | Pickup | TATA | XENON YODHA SC 4X2 BS4 | 2956 | INDIA | 1 | 2,450,000 | 2,450,000 |
| 146 | Pickup XENON YODHA 1500 SC BS4 | Pickup | TATA | XENON YODHA 1500 SC BS4 | 2956 | INDIA | 1 | 2,530,000 | 2,530,000 |
| 147 | Pickup XENON YODHA CC 4X2 BS4 | Pickup | TATA | XENON YODHA CC 4X2 BS4 | 2956 | INDIA | 1 | 2,930,000 | 2,930,000 |
| 148 | Pickup XENON YODHA SC 4X4 BS4 | Pickup | TATA | XENON YODHA SC 4X4 BS4 | 2956 | INDIA | 1 | 2,600,000 | 2,600,000 |
| 149 | Pickup XENON_YODHA_SC_4X4_CONTAINER BS4 | Pickup | TATA | XENON_YODHA_SC_4X4_CONTAINER BS4 | 2956 | INDIA | 1 | 3,035,000 | 3,035,000 |
| 150 | Pickup XENON YODHA CC 4X4 BS4 | Pickup | TATA | XENON YODHA CC 4X4 BS4 | 2956 | INDIA | 1 | 3,150,000 | 3,150,000 |
| 151 | Pickup TATA_YODHA_CC_4x4_PICKUP_BS4 | Pickup | TATA | TATA_YODHA_CC_4x4_PICKUP_BS4 | 2956 | INDIA | 1 | 3,540,000 | 3,540,000 |
| 110 | LCV Buses LP712_50X16_CR_34_ABS_GB550_3400MM_BS-III_AC | LCV Buses | TATA | LP712_50X16_CR_34_ABS_GB550_3400MM_BS-III_AC | 3783 | INDIA | 1 | 4,695,000 | 4,695,000 |
| 111 | LCV Buses LP712_CR_34_ABS 26SDLX | LCV Buses | TATA | LP712_CR_34_ABS 26SDLX | 3783 | INDIA | 1 | 4,270,000 | 4,270,000 |
| 112 | LCV Buses - BB LP 712/34 BODY BUILT BS3 | LCV Buses - BB | TATA | LP 712/34 BODY BUILT BS3 | 3783 | INDIA | 1 | 3,745,000 | 3,745,000 |
| 113 | LCV Buses - BB LP 712/38 BODY BUILT BS3 | LCV Buses - BB | TATA | LP 712/38 BODY BUILT BS3 | 3783 | INDIA | 1 | 3,965,000 | 3,965,000 |
| 114 | LCV Buses - BB LP 712/42 BODY BUILT 33+1S BS3 | LCV Buses - BB | TATA | LP 712/42 BODY BUILT 33+1S BS3 | 3783 | INDIA | 1 | 3,975,000 | 3,975,000 |
| 115 | LCV Buses LP 712/42 CR TMML FES ABS BS3 | LCV Buses | TATA | LP 712/42 CR TMML FES ABS BS3 | 3783 | INDIA | 1 | 3,515,000 | 3,515,000 |
| 116 | LCV Buses LP712/42_32+1S WB BS-III CR TMML FES BUS(ABS) | LCV Buses | TATA | LP712/42_32+1S WB BS-III CR TMML FES BUS(ABS) | 3783 | INDIA | 1 | 4,705,000 | 4,705,000 |
| 117 | LCV Buses - BB LP 712/42 BODY BUILT 32+1S BS3 | LCV Buses - BB | TATA | LP 712/42 BODY BUILT 32+1S BS3 | 3783 | INDIA | 1 | 4,080,000 | 4,080,000 |

### Distrubutor's Name : Sipradi Trading Pvt. Ltd. PAN: 300045022 TATA
Address: Thapathali, Kathmandu, Tel: 4241658

| सि.नं. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CAR PUNCH Adventure MT Info | PUNCH | TATA | PUNCH Adventure MT Info | 1199 | INDIA | 1 | 3,899,000 | 3,899,000 |
| 2 | CAR PUNCH Creative MT | PUNCH | TATA | PUNCH Creative MT | 1199 | INDIA | 1 | 4,349,000 | 4,349,000 |
| 3 | SUV NEXON XE P BSVI | NEXON | TATA | NEXON XE P BSVI | 1199 | INDIA | 1 | 4,399,000 | 4,399,000 |
| 4 | SUV NEXON XM(S) P BSVI | NEXON | TATA | NEXON XM(S) P BSVI | 1199 | INDIA | 1 | 4,849,000 | 4,849,000 |
| 5 | SUV NEXON XZ+ P BSVI | NEXON | TATA | NEXON XZ+ P BSVI | 1199 | INDIA | 1 | 5,299,000 | 5,299,000 |
| 6 | SUV NEXON XZ+ P (DK) BSVI | NEXON | TATA | NEXON XZ+ P (DK) BSVI | 1199 | INDIA | 1 | 5,499,000 | 5,499,000 |
| 7 | SUV NEXON XZ+ (HS) P BSVI | NEXON | TATA | NEXON XZ+ (HS) P BSVI | 1199 | INDIA | 1 | 5,599,000 | 5,599,000 |
| 8 | SUV NEXON XZ+ (HS) P (DK) BSVI | NEXON | TATA | NEXON XZ+ (HS) P (DK) BSVI | 1199 | INDIA | 1 | 5,899,000 | 5,899,000 |
| 9 | CAR TIAGO EV LR XT | TIAGO EV | TATA | TIAGO EV LR XT | 49.01 | INDIA | 1 | 2,749,000 | 2,749,000 |
| 10 | CAR TIAGO EV LR XZ+ | TIAGO EV | TATA | TIAGO EV LR XZ+ | 49.01 | INDIA | 1 | 2,899,000 | 2,899,000 |
| 11 | CAR TIAGO LR XZ+ Tech SC | TIAGO EV | TATA | TIAGO LR XZ+ Tech SC | 49.01 | INDIA | 1 | 2,999,000 | 2,999,000 |
| 12 | CAR XPRES-T EV XM+ | XPRES EV | TATA | XPRES-T EV XM+ | 48.6 | INDIA | 1 | 3,699,000 | 3,699,000 |
| 13 | CAR TIGOR_EV_XZ+ | TIGOR EV | TATA | TIGOR_EV_XZ+ | 48.6 | INDIA | 1 | 3,599,000 | 3,599,000 |

### Distrubutor's Name : M.A.W EXPANZE PVT. LTD. PAN No: 609888920 Phone No.: 01-5316835 ŠKODA
Address: Thapathali, Kathmandu

| सि.नं. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ŠKODA Kushaq Active MT | SUV | ŠKODA | Kushaq | 999 CC | INDIA | 1 | 5,490,000 | 5,490,000 |
| 2 | ŠKODA Kushaq Ambition MT | SUV | ŠKODA | Kushaq | 999 CC | INDIA | 1 | 6,290,000 | 6,290,000 |
| 3 | ŠKODA Kushaq Style MT | SUV | ŠKODA | Kushaq | 999 CC | INDIA | 1 | 7,190,000 | 7,190,000 |
| 4 | ŠKODA Kushaq Ambition AT | SUV | ŠKODA | Kushaq | 999 CC | INDIA | 1 | 7,090,000 | 7,090,000 |
| 5 | ŠKODA Kushaq Style AT | SUV | ŠKODA | Kushaq | 999 CC | INDIA | 1 | 7,990,000 | 7,990,000 |
| 6 | ŠKODA Kushaq Monte Carlo MT | SUV | ŠKODA | Kushaq | 999 CC | INDIA | 1 | 7,490,000 | 7,490,000 |
| 7 | ŠKODA Kushaq Monte Carlo AT | SUV | ŠKODA | Kushaq | 999 CC | INDIA | 1 | 8,290,000 | 8,290,000 |
| 8 | ŠKODA Slavia Active MT | CAR | ŠKODA | Slavia | 999 CC | INDIA | 1 | 49,90,000 | 49,90,000 |
| 9 | ŠKODA Slavia Ambition MT | CAR | ŠKODA | Slavia | 999 CC | INDIA | 1 | 58,90,000 | 58,90,000 |
| 10 | ŠKODA Slavia Ambition AT | CAR | ŠKODA | Slavia | 999 CC | INDIA | 1 | 65,90,000 | 65,90,000 |
| 11 | ŠKODA Slavia Style MT | CAR | ŠKODA | Slavia | 999 CC | INDIA | 1 | 67,90,000 | 67,90,000 |
| 12 | ŠKODA Slavia Style AT | CAR | ŠKODA | Slavia | 999 CC | INDIA | 1 | 75,90,000 | 75,90,000 |
| 13 | ŠKODA Kodiaq Style AT | SUV | ŠKODA | Kodiaq | 1984 cc | CZECH REPUBLIC | 1 | 19,900,000 | 19,900,000 |

## बहाल रकम दिई घर खाली गर्ने बारेको सुचना

तपाई रंग ध्वज ठकुरीको नाती राम बहादुर ठकुरीको छोरा सिन्धुपलान्चोक जिल्ला फल्पिङकोट वडा नं.६ परिवर्तित वलेफी गा.पा.वडा नं.३ बस्ने वर्ष ४२ को नारायण ठकुरी र ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.५ बस्ने तेजमाया श्रेष्ठ र का.म.न.पा. वडा नं.२६ नरदेवी बस्ने ईश्वरीमाया कर्मचार्य विच का.म.न.पा.वडा नं.१० मा कि.नं.६४,६५,६२ को घरजग्गा बहाल लिनेदिने गरी मिति २०७५/०५/२६ मा सम्झौता भएकोमा सम्झौता बमोजिको बहाल रकम नबुझाई विगत ३ महिना अगाडी देखी वेपत्ता भई सम्पर्क विहिन भएको हुदा यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यस सूचना जारी भएको मितिले ३५ दिन भित्र बाँकी बहाल रकम बुझाई घर खाली गरिदिनुहोला। बाँकी बहाल रकम नबुझाएमा प्रचलित कानून बमोजिम घर खाली गराईने व्यहोरा सूचित गरिन्छ।

**तेजेन्द्र गोपाल श्रेष्ठ/भुपेन्द्र गोपाल श्रेष्ठ/सुवेन्द्र श्रेष्ठ**
**ललितपुर महानगरपालिका वडा नं.५**

## कारोबार बचत तथा ऋण सहकारी संस्था लिमिटेड कार्यालय सातदोबाटो, ललितपुरको तपसिलमा उल्लेखित ऋणीलाइ ऋणकर्जा चुक्ता भुक्तान गर्ने १५ दिने सुचना

**(प्रकाशीट मिति २०८१/०४/१४)**

यस कारोबार बचत तथा ऋण सहकारी संस्था लिमिटेड सातदोबाटो कार्यालय ललितपुरको तपसिल ऋणीले प्राप्त गरेको ऋणकर्जाको सहकारीलाई समय - समयमा तिर्न बुझाउनेपर्ने सावा र ब्याज लगायतका रकम चुक्ता - भुक्तान गर्न पटक - पटक मौखिक एबम लिखित रुपमा सुचित गरि तार - ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाइ ऋण कर्जा चुक्ता भुक्तान गर्न १५ दिने सार्बजनिक सुचना प्रकाशित गरीएको छ।
यो सुचना प्रकाशित भएको मितिले १५ (पैतिस) दिन भित्र सहकारीको कार्यालयमा सम्पर्क गरि उपभोग गरिरहेको ऋण कर्जाको सावा र ब्याज लगायतका सहकारीलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नहोला, अन्यथा प्रचलित ऐन, कानुन, राष्ट्र बैंक बाट जारि निर्देशनहरु बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री वा अन्य ब्यबस्था गरि सहकारीको लिनुपर्ने रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई कर्जा सुचना केन्द्रको कालो सुचिमा नाम सुचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सुचना मार्फत लेखि पठाइने व्यहोरा यसै सुचना मार्फत अबगत गराउदै ऋण कर्जा चुक्ता भुक्तान गर्न गराउनुहुन सम्बन्धित व्यक्तिलाइ यसै सुचना मार्फत जानकारि समेत गराउदछा

**तपशिल**

| ऋणीको विवरण |
|---|
| **नाम थर** - सिता अर्याल<br>**ठेगाना** - काठमाण्डौ म. न. पा. वडा न. ४ कलंकी, काठमाण्डौ<br>**पतिको नाम** - राम बहादुर अर्याल<br>**ससुराको नाम** - प्रेम बहादुर अर्याल<br>**रोक्का दर्ता न. र मिति** - २५१२०७६७७NL००१२०६६ / २०७६/१०/२१<br>**कित्ता न.** - ४७४ ललितपूर, लामाटार<br>**नक्सा सिट न.** - ७ग<br>**क्षेत्रफल / ब.मि.** - ०-४-२-० (रोपनी) / १४३.०६<br>**साक्षी** -<br>१.पार्वती अर्याल<br>ठेगाना - धापासी, ०४ काठमाडौं |

## नाम परिवर्तनको सूचना

नवाज शरिफ मोटर्स प्रा.लि कम्पनीको मिति २०८१/०३/२६ गते वसेको विशेष साधारण सभाले यस कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदी सबै परिवर्तीत नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा यस कम्पनीको नाम परिवर्तन गरी हलमार्क मोटर्स इन्भेष्टमेन्ट प्रा.लि गर्ने निर्णय गरी सोही बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भएको व्यहोरा सम्वन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरीएको छ।

**हलमार्क मोटर्स इन्भेष्टमेन्ट (प्रा.) लि.**

## Kakani Rural Municipality
### Office Of Rural Municipal Executive
### Bagmati Province, Nepal

**Invitation For Sealed Quotation E-Bids**

**First Date of Publication: 29th July 2024 (2081-04-14)**

1. The Kakani Rural Municipality, Office of the Rural Municipal Executive, Ranipauwa, Nuwakot invites electronic Sealed Quotation from eligible Bidder for the procurement and supply of Mulching Plastic under National Competitive Bidding Procedures Mentioned in the table below.

| Contract ID | Description of works | Estimate amount (Including VAT NRs) | Bid Security Amount, NRs. / Validity | Bid Document Fee NRs. |
|---|---|---|---|---|
| 01/Mplastic/ Kakani/ (081/82) | Purchase of Mulching Plastic | 1897362.00 | 40,000.00/ 75 days | 1,000.00 |
| Account Details for Bid Document | | Name of the Bank: Agriculture Development Bank<br>Name of Office: Kakani Rural Municipality<br>Office Account No.: 0213401251034093 (Rajaswa) | | |
| Account Details for Bid Securing Deposit | | Name of the Bank: Agriculture Development Bank<br>Name of Office: Kakani Rural Municipality<br>Office Account No.: 0213401251034042 (Dharauti) | | |

2. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np /epg.

## अमृत बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**कीर्तिपुर न.पा-१ अमृतनगर, फोन नं. ५१९५१५०**

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मिति :२०८१/०४/१४)**

यस संस्थाका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखतको शर्त बमोजिम संस्थामा तिर्नु पर्ने साँवा र सोको ब्याज (हर्जना समेत ) तिर्न बुझाउन पटक पटक १५ तथा ७ दिने लिखित एंवम मौखिक तरताकेता गर्दा समेत नतिरी नबुझाई संस्थासँग भएको कर्जा सम्बन्धी शर्त कवुलियतहरु उलङ्घन गरेकोले तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सुचना मिति २०८१/०१/२५ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्दा उक्त अवधिमा आफ्नो दायित्व पुरा नगरेको हुनाले धितोजमानतकर्ताले यस संस्थालाई लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ती (धितो) जहाँ जेजस्तो अवस्थामा छ सोहि अवस्थामा प्रचलित सहकारी ऐन,नियमावली एवं संस्थाको कर्जा प्रवाह, लगानी तथा असुली निर्देशिका अनुसार गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्न लागिएको हुँदा इच्छुक महानुभावहरुले यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क राखी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ।
साथै यस सूचनालाई आधार मानि सम्बन्धित ऋणी तथा धितो जमानतकर्ताले धितोमा रहेको सम्पत्ति लिलाम हुने दिन (२०८१।०५।१६) भन्दा अगावै सस्थामा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराइन्छ। लिलामी प्रकृयामा तपसिलमा रहेको सम्पति कसैले सकार गरी नलिएमा प्रचलित सहकारी ऐंन, नियमावली तथा संस्थाको नियम अनुसार संस्था आफैले सकार गरी लिई बिक्री गर्ने छ। लिलाम/बिक्री गर्दा नपुग लेना रकमको हकमा ऋणीको हक भोगको अन्य सम्पत्ती बाट असुलउपर गरिनेछ। यसरी असुलउपर गर्दा लागेको सम्पुर्ण खर्च ऋणीबाट भराइने ब्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ। लिलाम सम्बन्धी शर्त/प्रकृयाहरु संस्थाको सुचना पाटीमा टाँस गरिएको छ।

**तपसिल**

| क.स. | ऋणीको विवरण | | धितोको विवरण |
|---|---|---|---|
| १ | नाम : बम बहादुर सुवेदी<br>नागरिता नं. : २३६४-४९८३७ (संखुवासभा)<br>बुबा : मन बहादुर सुवेदी<br>बाजे : नरबहादुर सुवेदी<br>ठेगाना : बाह्रबिसे -६,संखुवासभा<br>हाल की.न.पा -१,अमृतनगर |  | नरबहादुर सुवेदीको नाती मन बहादुर सुवेदीको छोरा बम बहादुर सुवेदी र निजको पत्नी रेनुका सुवेदी (ना.प्र.प.नं ११३८०१ संखुवासभा) को संयुक्त नाममा मालपोत कार्यालय कलंकीमा दर्ता कायम रहेको कीर्तिपुर न.पा -१, अमृतनगर स्थित कि.न.६० को जग्गा क्षे.फ.१२०.९० वर्गमिटर र सोमा बनेको ३.५ तलाको पक्की घर समेत। |


## युगान्तर बचत तथा ऋण सहकारी संस्था लि.का

**सदस्य ऋणीलाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५(पैतिस) दिने अत्यन्त जरूरी सूचना**

**(प्रकाशित मिति २०८१/०४/१४ )**

यस युगान्तर बचत तथा ऋण सहकारी संस्थाका तपसिलका सदस्य ऋणीले आवधिक रसिदहरु र अचल सम्पति सुरक्षण तथा व्यक्तिगत धन जमानिको सुरक्षणमा लगानि भएको कर्जा अन्तर्गत उपभोग गर्नु भएको कर्जाको भुक्तानी सम्बन्धी सम्झौताको शर्त अनुसार तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दै-दस्तुर आदि नियमानुसार लाग्ने रकम मौखिक तथा लिखित रुपमा पटक पटक ताकेता गर्दा पनि नतिरी, नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको र पटक-पटक कर्जा चुक्ता गर्न आउने अनुरोध गर्दा समेत सदस्य ऋणीले कर्जा चुक्ता गर्ने तर्फ कुनै पहल नै नगरि अटेर गरि बसेकोले यो सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितीले ३५(पैतिस) दिन भित्र संस्थामा सम्पर्क गरि तिर्न बाँकी साँवा, व्याज तथा अन्य दै-दस्तुर तिर्न बुझाउन अनुरोध गरिन्छ। अन्यथा कर्जा लिंदा लेखाइदिएको लिखत बमोजिम, संस्थाको नियम, सहकारी ऐन तथा प्रचलित कानुन बमोजिम सुरक्षण स्वरुप धितोमा दिएको तपसिल बमोजिमको सुरक्षण धितो लिलाम बिक्री गरी संस्थाको कर्जा असुल उपर गरिने छ। कथंकदाचित लिलाम बिक्रीबाट कर्जा असुल उपर नभएमा तपाई लगायत व्यक्तिगत धनजमानी दिने समेतको घरघर नाको अन्य चल अचल सम्पत्तिबाट लेना रकम असुल उपर गरिने प्रक्रिया अगाडि बढाईनुका साथै कालो सुचीमा समेत समावेश गरि सम्वन्धित निकायमा मुद्दा दायर गरिने ब्यहोरा यसै सुचनाबाट सुचित गरिन्छ।

**तपसिल**

| सदस्य ऋणीको विवरण | ऋणीको फोटो | धितोको विवरणः | व्यक्तिगत धनजमानी कर्ताको विवरण र फोटो |
|---|---|---|---|
| **ऋणी नाम : पुष्कर राज श्रेष्ठ**<br>**ठेगाना :का.म.न.पा-२०,काठमाडौं**<br>**हाल ठेगाना : ताहाचल-१३,काठमाडौं**<br>**बाबुको नाम : शिबराज श्रेष्ठ**<br>**बाजेको नाम : हिरा श्रेष्ठ**<br>**पत्नीको नाम : बिनु श्रेष्ठ** |  | नेपाल सरकार मालपोत कार्यालय बागमती प्रदेश, काठमाडौंमा दर्ता कायम भएको निम्न बमोजिमको जग्गाः<br>**ज.ध.को नाम : पुष्कर राज श्रेष्ठ**<br>**बाबुको नाम : शिबराज श्रेष्ठ**<br>**बाजेको नाम : हिरा श्रेष्ठ**<br>**ज.ध.ना.प्र.नं.:१८१७/१०२०,काठमाडौं**<br>**धितो रहेको जग्गाको ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा -२०**<br>**कित्ता नं.: २५०८**<br>**क्षेत्रफलः ०-०-१-० को जग्गामा बनेको भुई तल्लाको पसल कवल र सो कवलले चर्चेको लिगपाल समेत।** | सो ऋणीको व्यक्तिगत धन जमानि बस्नु हुने सदस्यहरु समेत |

**युगान्तर बचत तथा ऋण सहकारी संस्था लि.**
नयाँबजार, काठमाडौं-१६
फोन नं.०१-४९८७८५३


# नेपाली खेलाडीको प्रदर्शन

## उत्साहजनक रहेन




**नेपाल समाचारपत्र, काठमाडौं**

पेरिस ओलम्पिक २०२४ अन्तर्गत नेपाली खेलाडीको प्रदर्शन खासै उत्साहजनक रहेन। ७ खेलाडीले सहभागि जनाएकोमा तीन खेलाडी बाहिरिसकेका छन्। स्विमिङकी डुवाना लामा, टेबलटेनिसका स्यान्टू श्रेष्ठ र शूटिङकी सुष्मिता नेपाल रहेका छन्। ब्याडमिन्टनका प्रिन्स दाहालले भने उनको समूहमा पहिलो खेल हारेपनि अर्को दुई खेल खेल्न बाँकी छ।

आइतबार भएको स्विमिङमा डुवाना २ सय मिटर फ्रिस्टाइलको पहिलो हिटमा अन्तिम स्थानमै सीमित भएकी हुन्। ७ खेलाडी प्रतिस्पर्धा रहेको सो हिटमा उनले २ मिनेट २०.७४ सेकेण्डको समय लिएकी थिइन्। उनकै उत्कृष्ट प्रदर्शनसँग यो समय मेल खाएन। उनको २ सय मिटर फ्रिस्टाइलमा समय २ मिनेट १२.४६ सेकेण्ड रहेको छ। सुस्मिताले पनि खराब प्रदर्शन गरेकी थिइन्। ४४ जनाले भाग लिएको १० मिटर एयर राइफलमा सुष्मिताले ४२ औं स्थान हासिल गरेकी थिइन्। उनले ६०७.८ स्कोर ल्याएकी थिइन्।

यसअघि शनिबार स्यान्टू र प्रिन्सले आ–आफ्नो खेल गुमाएका थिए। दुवै सोझो सेटमा पराजित भएका हुन्। समूह 'पी' मा रहेका प्रिन्स विश्व वरियताको दोस्रो नम्बरमा रहेका डेनमार्कका भिक्टर एक्सेलसनसँग ८-२१ र ६-२१ को सेटमा पराजित भएका थिए। उनले आयरल्यान्डका नियात नुयन (४३औं वरीयता) र इजरायलका मिसा जिल्वरमन (५९औं वरीयता) विरुद्ध खेल्न बाँकी छ। प्रिन्स विश्व वरीयतामा १ सय ७२ औं स्थानमा छन्।

स्यान्टु भने पहिलो चरणबाटै बाहिरिए। उनी सेनेगलका खेलाडी इब्राहिम डियावसँग ४-० ले पराजित भएका थिए। पहिलो सेटमा राम्रो प्रदर्शन गरेका उनी १०-१२ ले चुके। तर, यसपछि भने उनी सहजै पराजित भए। दोस्रो सेटमा ११-३, तेस्रो सेटमा ११-४ र चौथो सेटमा ११-५ ले पछि परेका थिए।

# भारतलाई माथ खुँवाउँदै श्रीलंका बन्यो च्याम्पियन

**काठमाडौं, (नेस)**

श्रीलंकाको वोमेन्स क्रिकेट टिमले पहिलो पटक एसिया कप उपाधि जितेको छ। वोमेन्स एसिया कपअन्तर्गत आइतबार भएको फाइनल खेलमा श्रीलंकाले भारतलाई ८ विकेटले माथ खुवाएको हो। डिफेन्डिङ च्याम्पियन भारतले पहिले ब्याटिङ गर्दै १ सय ६६ रनको लक्ष्य दिएकोमा घरेलु टिम श्रीलंकाले २ विकेटको क्षतिमा प्राप्त गरेको थियो।

श्रीलंकाका लागि हर्शिता समराविक्रमाले ६९ रन र कप्तान चमिरा अथापाथ्थुले ६१ रन बनाए। अथापाथ्थु र समराविक्रमाले दोस्रो विकेटका लागि ६३ बलमा ८७ रनको साझेदारी गर्दै टोलीलाई च्याम्पियन बनाउने आधार तयार गरे। यस्तै, कबिसा दिलहारीले १६ बलमा ३० रन बनाएर उपाधि जित्न अझ सजिलो बनाइदिइन्।

त्यसअघि भारतले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ६५ रन बनाएको थियो। भारतका लागि ओपनर स्मृति मन्धनाले सर्वाधिक ६० रन बनाइन्। रिचा घोषले १६ बलमा ३० रन बनाइन्।

श्रीलंकाका लागि केबिसा दिलारीले २, सचिनी निसानसाला, उदेशिका प्रबोधनी र अथापाथ्थुले समान १ विकेट लिइन्।





# चन्दन र रोहित फाइनलमा

**काठमाडौं, (नेस)**

चन्दन शाही र रोहित जानाला राष्ट्व्यापी जुनियर तथा विद्यालयस्तरीय छात्र/छात्रा बक्सिङ च्याम्पियनसिपको फाइनलमा पुगेका छन्।

छात्रको ४६ केजी तौलमा बाँकेका चन्दनले नक्सालका सक्षम लामालाई ५:० अंकको आधारमा हराएर फाइनलको यात्रा तय गरेका हुन्। सोहि तौल समुहमा अछामका रोहितले दोस्रो राउण्डमा ५:० अंकको आधारमा डीजीका रितेश महतोलाई पराजित गरे।

अन्य फाइनल पुग्ने क्रममा ४८ केजी तौलमा दाङका लोकेश पुनले भक्तपुरका भाष्कर खड्कालाई ४:१ अंकको आधारमा पराजित गरे। सोहि तौल समुहमा अल्फाका कमल गुरुङले फाईटका वाङजुक्ला भोटेलाई ५:० अंकको आधारमा पराजित गरे। ५० केजी तौलमा ललितपुरका स्वभाव थापाले सुनसरीका विधान श्रेष्ठलाई पहिलो राउण्डमै आरएसीका आधारमा पराजित गरे। सोहि तौल समूहमा फाईटका छिरिङ्ग दोर्जे शेर्पाले बाँकेका नविन सिंहलाई आरएसीका आधारमा पराजित गरे।

यस्तै, ५२ केजी तौलमा भुमिका सरोज तामाङले एबीसीका मुस्कान राईलाई आरएसीका आधारमा पराजित गरे। सोहि तौलमा एचटूओका प्रज्ज्वल खत्रीले एलबीएका सुजन थापामगरलाई ५:० अंकको आधारमा पराजित गरे।


**Distrubutor's Name : Hansraj Hulaschand & Co. Pvt. Ltd.** PAN: 300037096 — BAJAJ
Address: Naxal, Kathmandu, Tel/Fax : 014444555

| सि.नं. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BAJAJ - Platina 100 ES | Bike | BAJAJ | Platina 100 ES | 99.59 | NEPAL | 1 | 208,900 | 208,900 |
| 2 | BAJAJ - Discover 125 Disc | Bike | BAJAJ | Discover 125 Disc | 124.45 | NEPAL | 1 | 244,900 | 244,900 |
| 3 | BAJAJ - Discover 125 ST | Bike | BAJAJ | Discover 125 ST | 124.59 | NEPAL | 1 | 252,900 | 252,900 |
| 4 | BAJAJ - Pulsar 125 Disc | Bike | BAJAJ | Pulsar 125 Disc | 124.38 | NEPAL | 1 | 263,900 | 263,900 |
| 5 | BAJAJ - Pulsar 125 NS FI BS6 | Bike | BAJAJ | Pulsar 125 NS FI BS6 | 124.45 | NEPAL | 1 | 293,900 | 293,900 |
| 6 | BAJAJ - Pulsar 150 SD | Bike | BAJAJ | Pulsar 150 SD | 149.5 | NEPAL | 1 | 304,900 | 304,900 |
| 7 | BAJAJ - Pulsar 150 TD | Bike | BAJAJ | Pulsar 150 TD | 149.5 | NEPAL | 1 | 323,900 | 323,900 |
| 8 | BAJAJ - Pulsar N 150 FI BS6 | Bike | BAJAJ | Pulsar N150 FI BS6 | 149.68 | NEPAL | 1 | 359,900 | 359,900 |
| 9 | BAJAJ - Pulsar 160 NS FI DC ABS BS6 | Bike | BAJAJ | Pulsar 160 NS Dual FI ABS BS6 | 160.3 | NEPAL | 1 | 392,900 | 392,900 |
| 10 | BAJAJ - Pulsar 160 N Dual ABS BS6 | Bike | BAJAJ | Pulsar 160 N Dual ABS FI BS6 | 164.82 | NEPAL | 1 | 399,900 | 399,900 |
| 11 | BAJAJ - Pulsar 220 F ABS | Bike | BAJAJ | Pulsar 220 F ABS | 220 | NEPAL | 1 | 405,900 | 405,900 |
| 12 | BAJAJ - Pulsar 200 NS (Non ABS) | Bike | BAJAJ | Pulsar 200 NS | 199.5 | NEPAL | 1 | 352,900 | 352,900 |
| 13 | BAJAJ - Pulsar 200 NS ABS | Bike | BAJAJ | Pulsar 200 NS ABS | 199.5 | NEPAL | 1 | 393,900 | 393,900 |
| 14 | BAJAJ - Pulsar 200 NS FI ABS | Bike | BAJAJ | Pulsar 200 NS FI ABS | 199.5 | NEPAL | 1 | 401,900 | 401,900 |
| 15 | BAJAJ - Pulsar 200 NS FI ABS BS6 | Bike | BAJAJ | Pulsar 200 NS FI ABS BS6 | 199.5 | NEPAL | 1 | 413,900 | 413,900 |
| 16 | BAJAJ - Pulsar 200 NS FI DC ABS BS6 | Bike | BAJAJ | Pulsar 200 NS FI DC ABS BS6 | 199.5 | NEPAL | 1 | 433,900 | 433,900 |
| 17 | BAJAJ - Pulsar 250 N Dual ABS BS6 | Bike | BAJAJ | Pulsar 250 N Dual FI ABS BS6 | 249.07 | NEPAL | 1 | 457,900 | 457,900 |
| 18 | BAJAJ - Avenger 160 Street ABS | Bike | BAJAJ | Avenger 160 Street ABS | 160.37 | NEPAL | 1 | 376,900 | 376,900 |
| 19 | BAJAJ - Avenger 220 Cruise | Bike | BAJAJ | Avenger 220 Cruise | 220 | NEPAL | 1 | 420,900 | 420,900 |
| 21 | BAJAJ - Dominar 250 ABS BS6 | Bike | BAJAJ | Dominar 250 FI ABS BS6 | 248.77 | NEPAL | 1 | 559,900 | 559,900 |
| 22 | BAJAJ - Dominar 400 ABS BS6 | Bike | BAJAJ | Dominar 400 FI ABS BS6 | 373.27 | NEPAL | 1 | 609,900 | 609,900 |
| 23 | BAJAJ - Maxima C Petrol | 3-Wheeler Cargo | BAJAJ | Maxima C Petrol | 236.2 | INDIA | 1 | 664,900 | 664,900 |
| 24 | BAJAJ - RE 4S Petrol BS6 | 3-Wheeler | BAJAJ | RE 4S Petrol BS6 | 236.2 | NEPAL | 1 | 599,900 | 599,900 |

**Distrubutor's Name : MAW Vriddhi Autocorp Pvt. Ltd** — DEEPAL
Address: Naxal, Kathmandu, Nepal, Tel: 01-4547-365 PAN No.: 610014662

| S.N. | Details of Vehicles | Type | Brand | Model | Capacity | Country of Origin | Unit | Per Unit Cost | Selling Price (MRP) NPR |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SUV | EV-SUV | DEEPAL | DEEPAL S07 | 99 KW | China | Pcs | 7,499,000 | 7,499,000 |
| 2 | SEDAN | EV-SEDAN | DEEPAL | DEEPAL L07 | 99 KW | China | Pcs | 6,999,000 | 6,999,000 |

नेपाल समाचारपत्र
राष्ट्रिय दैनिक

# लोकसेवा परीक्षाको तयारी सामग्री



ताराप्रसाद ओली
सहायक न्यायाधिवक्ता (शाखा अधिकृत)
महान्यायाधिवक्ताको कार्यालय

## वस्तुगत प्रश्नोत्तर

**१. विश्वप्रसिद्ध म्यागजिन टाइमले सन् २०२४ का लागि तयार पारेको संसारका १०० सर्वोत्कृष्ट ठाउँको सूचीमा रहेको नेपालको पर्यटकीय स्थल कुन हो ?**
- बर्दियाको बुरहान वाइल्डरनेस क्याम्प्स

**२. पेरिस ओलम्पिक २०२४ मा सहभागी नेपाली खेलाडी को-को हुन् ?**
- एथ्लेटिक्सकी सन्तोषी श्रेष्ठ, सुटिङकी सुस्मिता नेपाल, पौडीमा डुवाना लामा र एलेक्जेन्डर शाह, टेबलटेनिसका स्यान्टु श्रेष्ठ, ब्याडमिन्टनका प्रिन्स दाहाल र जुडोकी मनीता श्रेष्ठ प्रधान

**३. भारतको पहिलो महिला राष्ट्रपति को हुन् ?**
- प्रतिभा पाटिल

**४. टिकोट गाउँ कुन जिल्लामा पर्दछ ?**
- म्याग्दी

**५. सार्क साहित्य पुरस्कार-२०२३ कसलाई प्रदान गरियो ?**
- बंगबन्धु शेख मुजिबुर रहमान

**६. विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस कहिले मनाइन्छ ?**
- मार्च २३

**७. मदन पुरस्कार-२०८० का लागि छनोट भएका कृति कुन-कुन हुन् ?**
- भक्त स्याङ्तानको डम्फुको आत्मालाप, मोहन मैनालीको मुकाम रणमैदान, जीवन क्षेत्रीको नुन तेल, भावेश भूमरी र प्रणिता चामलिङको भावलिपि र रोशन थापा नीरवको सन्त्रासका साठी दिन

**८. पहेंलो छाता कृतिका लेखक को हुन् ?**
- उदय प्रकाश

**९. फ्युचर फर नेचर अवार्ड-२०२४ बाट सम्मानीत हुने नेपाली को हुन् ?**
- रिन्जिन फुन्जोक लामा

**१०. पहिलो महिला मुख्य सचिव को हुन् ?**
- लीलादेवी गड्तौला

## विषयगत प्रश्नोत्तर

**१. राज्यका निर्देशक सिद्धान्त एवं नीतिहरूको के महत्व रहेको छ ? राज्यका निर्देशक सिद्धान्त तथा नीतिको विशेषताहरू उल्लेख गर्दै यसको कार्यान्वयनमा देखापरेका समस्या र समाधानका उपायहरूको चर्चा गर्नुहोस्।**

पृष्ठभूमि
- सरकारले भविष्यमा सञ्चालन गर्ने गतिविधिको मार्गदर्शन नै राज्यका नीति र निर्देशक सिद्धान्त हुन्।
- राज्यका नीति र निर्देशक सिद्धान्तलाई नागरिकका अधिकार र आवश्यकता सम्बोधन गर्ने माध्यम हुन्।

निर्देशक सिद्धान्त एवं नीतिको महत्व
- जनआकांक्षा एवं जनभावना अनुसार शासन सञ्चालन गर्न
- लोक कल्याणकारी राज्यको सुनिश्चितता गर्न
- सामाजिक न्यायको प्रवर्द्धन गर्न
- राज्यद्वारा सञ्चालित क्रियाकलापले बैधानिकता प्रदान गर्न
- दीर्घकालीन नीति र योजना बनाउन सहजता प्रदान गर्न
- नीतिगत स्थिरता कायम गर्न
- कमजोर वर्गका लागि राजनीतिक, आर्थिक र सामाजिक न्यायको कानुनी व्यवस्था गर्न
- वितरणमुखी न्यायको सुनिश्चित गर्न
- राष्ट्रिय प्राथमिकता निर्धारण गर्न
- भविष्यका राज्यका क्रियाकलापलाई वैधानिकता प्रदान गर्न
- नागरिकलाई अवसर र निजहरूको मर्यादा, राष्ट्रिय एकता र अखण्डता सुनिश्चित गर्न
- राज्यलाई लोक कल्याणकारी, पारदर्शी, उत्तरदायी र कर्तव्य उन्मुख बनाउन
- राज्य सञ्चालनमा सरकारलाई मार्गदर्शन गर्न
- शासनमा वैधता प्रदान गर्न
- उपलब्ध साधन स्रोतको न्यायोचित वितरण गर्न
- नागरिकलाई सक्षम बनाउन

निर्देशक सिद्धान्त एवं राज्यका नीतिका विशेषताहरु
- संविधानको मर्म र विवेक
- राज्यको स्रोत साधनको अवस्था तथा प्रशासनिक आर्थिक क्षमताको आधारमा कानुन बनाएर क्रमशः कार्यान्वयन गर्न सकिने अधिकार
- राज्यको प्रतिज्ञाका रूपमा रहेका
- भविष्यदर्शी हुने
- न्यायिक पुनरावलोकनबाट बाहिर हुने
- राज्य सञ्चालनका मार्गदर्शन
- बन्धनकारी नहुने
- उल्लंघनको परिणाम राजनीतिक मात्र हुने
- व्यापक क्षेत्र
- राज्यको तर्फबाट व्यक्त संवैधानिक प्रतिवद्धता
- राज्यका उद्देश्य र प्राथमिकताहरू उल्लेख गरिएको
- भविष्य उन्मुख दृष्टिकोण
- लोक कल्याणकारी राज्यको मान्यतामा आधारित
- उल्लंघनको परिणाम कानुनी सजाय नहुने

कार्यान्वयनमा देखा परेका समस्याहरु
- सरकारको स्थिरता नरहनु
- सरकारको प्राथमिकता बारम्बार परिवर्तन हुनु
- समयमा आवश्यक कानुन र संरचना तयार नहुनु
- नागरिक समाजले पर्याप्त दबाब सिर्जना गर्न नसक्नु
- तीन तहको सरकारबीच प्राथामिकीकरणमा एकरूपता नहुनु
- तीन तहका सरकारबीच आवश्यक समन्वयको कमी
- आन्तरिक स्रोतको पर्याप्त पहिचान र परिचालन हुन नसक्नु
- संसदीय अनुगमन कमजोर
- प्रशासनिक खर्च दिन प्रतिदिन बढ्नु
- क्षेत्रगत नीति र योजना निर्माणमा यसको कम अवलम्बन
- विविधता भएको समाजमा एकै प्रकारको नीति लागू गर्न प्रयास गर्नु
- परिवर्तनलाई स्वीकार गर्न नचाहने सामाजिक प्रवृत्ति
- नेपालको असन्तुलित जनसांख्यिक वितरण असन्तुलन हुनु
- विकासमा नागरिक परिचालन कमजोर

समाधानका उपायहरु
- नीति र योजना तयार र कार्यान्वयन गर्दा प्राथामिकरण गर्ने
- विकासमा राष्ट्रिय सहमति कायम गर्ने
- आवश्यक कानुन तर्जुमा गरेर बाध्यकारी बनाउने
- आर्थिक विकासको दरलाई तीव्र बनाउने
- बसाइँ सराइलाई व्यवस्थित गर्ने
- अदालतको निर्देशात्मक आदेश र व्याख्याको पालनामा जोड दिने
- सामाजिक र सांस्कृतिक रूपान्तरणमा थप लगानी गर्ने
- संसदीय अनुगमन प्रभावकारी बनाउने
- विकास निर्माणका काममा आन्तरिक स्रोतको परिचालनमा जोड दिने
- प्रशासनिक खर्च कम गर्ने
- सरकारका तहहरूबीच प्रभावकारी समन्वय गर्ने

निष्कर्ष
राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयनबाट मात्र मुलुकमा दिगो शान्ति, सुशासन, सामाजिक न्याय, समतामूलक समाज निर्माण, विकास र समृद्धिको संवैधानिक उद्देश्य प्राप्त गर्न सकिन्छ।

**२. स-सर्त अनुदान भनेको के हो ? स-सर्त अनुदानका उद्देश्य तथा यसको डिजाइन गर्दा ध्यान दिनुपर्ने विषय उल्लेख गर्दै स-सर्त अनुदानका चुनौती एवं समस्या पहिचान गर्नुहोस्।**

स-सर्त अनुदानको परिचय
- एक तहको सरकारले अर्को तहको सरकारलाई स-सर्त प्रयोग गर्ने गरी रकमको हस्तान्तण गर्नु स-सर्त अनुदान हो।
- प्रदेश वा स्थानीय तहमा अधिकार निक्षेपण गरिएको वा सार्वजनिक सेवा प्रवाहलाई विकेन्द्रित गरिएको मुलुकहरूमा स-सर्त अनुदानको अभ्यास गरिन्छ।
- यस्तो अनुदान प्रतिस्पर्धी परियोजना अनुदान वा सामान्य ब्लक अनुदानको स्वरुपमा दिइन्छ।
- यस्तो अनुदानका सर्तहरू वित्तीय वा सारवान प्रकृतिका हुन सक्छन्।
- माथिल्लो तहको सरकारले राष्ट्रिय नीतिका परिलक्षित उद्देश्य प्राप्ति तर्फ तल्लो तहको सरकारलाई प्रतिक्रियात्मक ढंगले प्रेरित गर्न यस्तो अनुदानको प्रयोग गर्दछ।

सशर्त अनुदानका उद्देश्यहरु
- आर्थिक तथा सामाजिक पूर्वाधारको बाँकी काम पूरा गर्नु र क्षेत्रीय विभेदलाई संवोधन गर्नु
- प्रदेश तथा स्थानीय तहबाट राष्ट्रिय तहमा सूचना संप्रेषण गर्नु
- कार्यसम्पादन तथा लागत प्रभावकारीता अभिवृद्धि गर्नु
- चुहावट नियन्त्रण वा जोखिम न्यूनीकरण गर्नु
- अन्तरसरकारी समन्वय गर्नु
- कमजोर संस्थाहरूलाई सहयोग गर्नु
- तल्लो तहको सरकारको कार्यसम्पादनमा अपेक्षित सुधार गर्नु
- सार्वजनिक लगानीको प्रभावकारीता बढाउनु
- आयोजना अनुदानमा वातावरणीय मापदण्ड समावेश गर्नु
- सेवा प्रवाहको अन्तर्राष्ट्रिय/राष्ट्रिय मानक, बेन्चमार्क वा गुणस्तर कायम गर्नु
- अन्तर्राष्ट्रिय/राष्ट्रिय/प्रादेशिक प्रतिवद्धता अनुसार कुनै निश्चित वर्ग र क्षेत्रको समग्र वा निश्चित विषयगत क्षेत्रको विकास गर्ने उद्देश्य र लक्ष्य हासिल गर्ने प्रतिवद्धता कार्यान्वयन गर्नु
- पूर्वाधार विकासको निश्चित राष्ट्रिय मानक वा लक्ष्य हासिल गर्नु

स-सर्त अनुदानको डिजाइन गर्दा ध्यान दिनुपर्ने विषयहरु
- संघीय र प्रदेश तथा स्थानीय सरकारबीचको सहयोग र समन्वय
- कार्यसम्पादनमा सुधार ल्याउने विशेषतायुक्त डिजाइन
- कार्यसम्पादन मापनका वस्तुगत तथा विश्वासनीय मापक र प्रतिवेदन प्रणाली
- प्रदेश तथा स्थानीय सरकारको कार्यसम्पादन अनुगमन र मूल्यांकनको सुदृढ तथा स्वतन्त्र संस्थागत व्यवस्था
- सर्त पालना गर्न प्रोत्साहित गर्ने संस्थागत संयन्त्रको सिर्जना गर्ने
- वित्त मामिलामा अन्तरसरकारी द्वन्द्व व्यवस्थापन गर्ने ढाँचा निर्माण

स-सर्त अनुदानका चुनौतीहरु
- प्रदेश तथा स्थानीय सरकारको स्वायत्तताको सम्मान गर्नु
- प्रोत्साहनमा सिर्जना हुने विकृति, नैतिक जोखिम र प्रतिकूल छनोट
- फरक वातावरणमा सर्त निर्धारण
- सर्त कार्यान्वयन र अनुगमन

स-सर्त अनुदानका समस्याहरु
- समानीकरण अनुदान र स-सर्त अनुदान सम्बन्धमा संविधान प्रदत्त आयोगको जिम्मेवारी अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले संकुचन गरेको
- नेपालमा स-सर्त अनुदान उद्देश्यमूलक ढङ्गले अभ्यास नगरिएको
- स-सर्त, समपूरक र विशेष अनुदान आबद्ध वा स-सर्त अनुदानको अनुपात उच्च भएकाले प्रदेश तथा स्थानीय सरकारको स्वायत्तता सङ्कुचित भएको
- स-सर्त अनुदानबाट धेरै संख्याका थोरै-थोरै बजेटमा सञ्चालित कार्यक्रम तथा आयोजाहरूले स-सर्त अनुदानको निहित उद्देश्य प्राप्तिमा सहयोग गर्ने अवस्था नदेखिएको
- प्रदेशबाट स-साना आयोजनाका लागि अनुदान दिने गरिएको
- निर्धारण गरिएका सबैजसो सर्तहरू कार्यविधिगत प्रकृतिको रहेको
- सर्तहरू नतिजामूलक नभएको
- स-सर्त अनुदानबाट सञ्चालित कार्यक्रमहरूमा दोहोरोपना देखिएको
- अन्तरसरकारी वित्त परिषद्को भूमिका प्रभावकारी नदेखिएको
- स-सर्त अनुदानबाट सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा द्वन्द्व व्यवस्थापनको प्रभावकारी व्यवस्था नभएको

**३. नेपाल राष्ट्र बैंकबाट जारी आ.व. २०८१/०८२ का विशेषताको चर्चा गर्नुहोस्।**

पृष्ठभूमि
- निर्माण क्षेत्रलाई दिइएको सुविधा, असल कर्जामा गर्नुपर्ने नोक्सानीको व्यवस्थाको सीमा कम, पुँजी कोषमा गणना हुने गरी नयाँ व्यवस्था, संस्थागत सेयर कर्जाको सीमा खारेज, कालोसूचीमा लचक नीति, वैदेशिक रोजगारीमा जाने बिनाधितो कर्जासम्बन्धी व्यवस्था र क्षेत्रगत रूपमा जाने कर्जामा प्रोत्साहन गर्ने नीतिले यो वर्ष कर्जा विस्तार उल्लेख्य हुने अपेक्षा गरिएको छ।
- मौद्रिक नीतिको सञ्चालन लक्ष्यका रूपमा अन्तरबैंक दरलाई लिई तरलता व्यवस्थापन गर्ने मौद्रिक नीतिको रणनीति रहेको छ।

विद्यमान मौद्रिक नीतिका विशेषताहरु
- सजगतापूर्ण लचिलो मौद्रिक नीतिको कार्यदिशालाई निरन्तरता
- उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह र कर्जाको गुणस्तरमा जोड दिइएको
- मुद्रास्फितिलाई ५ प्रतिशतको हाराहारीमा राखिने
- कम्तीमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्ने सञ्चिति कायम राख्ने लक्ष्य लिइएको
- विस्तृत मुद्रा प्रदायकको वृद्धिदर १२ प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जादर १२ दशमलव ५ प्रतिशत रहने प्रक्षेपण रहेको
- ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदर ६ दशमलव ५ प्रतिशत र नीतिगत दर ५ प्रतिशत कायम गरिएको
- बैंक वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात ४ प्रतिशत र वैधानिक तरलता अनुपात यथावत राखिएको
- असल कर्जामा गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्था १ दशमलव १ प्रतिशत कायम गरिएको
- आरआरपीको सीमा अधिकतम २ करोड ५० लाख कायम गरिएको
- निर्माण व्यवसायीहरुलाई प्रवाह गरिएको साँवा ब्याज तिर्ने अवधि २०८१ मंसिर मसान्तसम्म थप गरिने
- निर्माण व्यवसायीलाई चेक अनादर भएको आधारमा मात्र कालोसूचीमा समावेश नगरिने
- नेपाल सरकारबाट निर्माण व्यवसायीको निर्माणकार्यको म्याद नवीकरण भएमा बैंक ग्यारेन्टीसमेत नवीकरण हुन सक्ने
- जोइन्ट भेन्चरमा संलग्न कुनै पार्टनर कालो सूचीमा भएको कारण अन्य जेभी पार्टनरको बैंकिङ कारबाहीमा असर नपर्ने व्यवस्था गरिने
- चेक अनादरलाई मात्र आधार मानी कालोसूचीमा राख्ने खाता रोक्का गर्ने खाता रोक्का राख्ने लगायतका व्यवस्था परिमार्जन गरिने
- प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटलले लगानी गरेको संस्था कर्जा चुक्ता नगरी कालोसूचीमा पर्ने भएमा लगानी गर्ने प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटल कालोसूचीमा नपर्ने व्यवस्था गरिने
- निस्क्रिय वर्गमा वर्गीकरण भएको कर्जा नियमित भइसकेको अवस्थामा ६ महिनासम्म सुक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी सो अवधिपछि मात्र असल वर्गमा वर्गीकरण गरिने
- बैंक वित्तीय संस्थाहरुको २०८१ असार मसान्तसम्मको ब्याज २०८१ साउन मसान्तसम्म प्राप्त भएमा आ.व. २०८०/०८१ मा आम्दानी बाँध्न पाउने व्वस्था गरिने
- संस्थागततर्फ मार्जिन प्रकृतिको शेयर धितोमा प्रवाह गरिने कर्जा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम २० करोड रुपियाँको सीमा खारेज गरिने
- परिस्थितिवश ऋण तिर्न नसकेका लघुवित्तका ग्राहकलाई निश्चित प्रतिशत ब्याज भुक्तानी गरी कर्जा पुनर्तालिकीकरण गर्न सकिने
- बैंक तथा वित्तीय संस्थाहरूमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग बढाउँदै लग्ने, विद्युतीय मुद्राको प्रारूप तयार पार्ने, केन्द्रीय ग्राहक पहिचान प्रणाली (केवाईसी) निर्माण गर्ने, राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रूपमा सञ्चालनमा ल्याउनेजस्ता योजना अघि सारिएको
- घरेलु, साना एवं मझौला उद्यममा प्रवाह हुने कर्जाको व्यवस्था पुनरावलोकन गरी कृषिका लागि सहयोगी उद्योग, कृषि औजार उत्पादन, सूचना प्रविधि, पर्यटनलगायत आन्तरिक उत्पादनसँग सम्बन्धित उद्योगलाई पनि सस्तो कर्जा दिने घोषणा गरिएको
- साढे १२ प्रतिशत कर्जा विस्तारको महत्त्वाकांक्षी लक्ष्यसमेत लिइएको

निष्कर्ष
नेपाल राष्ट्र बैंकले विदेशी मुद्रा सटही, बैंकले राष्ट्र बैंकबाट लिने ऋणको ब्याजदर, चालू पुँजी कर्जा मार्गदर्शन, घर-जग्गा, सेयर कारोबार र बैंक तथा वित्तीय संस्थाको सञ्चालन मुनाफा वृद्धिसम्बन्धी व्यवस्थामा खुकुलो नीति लिएका कारण अर्थतन्त्र चलायमान हुने अपेक्षा गर्न सकिन्छ।

**४. संसदीय समितिको आवश्यकता माथि प्रकाश पार्दै सार्वजनिक प्रशासनको सवलीकरणमा संसदीय समितिको भूमिका एवं संसदीय समितिलाई प्रभावकारी बनाउन आवश्यक सुझावहरू प्रस्तुत गर्नुहोस्।**

पृष्ठभूमि
- सार्वजनिक स्रोत साधनलाई जनइच्छा अनुरूप प्रयोग गराउन सरकारलाई सल्लाह दिन, सचेत गराउन र निगरानी गर्न गठन हुने संवैधानिक संयन्त्रलाई संसदीय समिति भनिन्छ।
- सार्वजनिक जवाफदेहिता र राज्यको प्रभावकारीता बढाउनु नै यस्ता समितिहरूको मुख्य उद्देश्य हुन्
- नेपालको संविधानको भाग ८ धारा ९७ ले प्रतिनिधिसभा तथा राष्ट्रिय सभाले विभिन्न समितिहरू गठन गर्न सक्ने व्यवस्था गरेको छ।

संसदीय समितिको आवश्यकता
- विषयगत विशेषज्ञताका आधारमा कानुन निर्माण गर्न
- सानो संख्यामा रहने भएकाले गहन तरिकाले छलफल गर्न
- सम्मतिपूर्ण निर्णय प्रक्रियाको विकास गर्न
- लक्षित विषयमा सहज तरिकाले अन्तरक्रिया गर्न
- ह्वीप नलाग्ने भएकाले खुला तरिकाले छलफल गर्न
- समितिको वैठक वर्षैभर नै चालू रहन सक्ने भएकाले सहज तरिकाले संसदीय काम-कारबाही अगाडि बढाउन
- कार्यकारीका काम उपर निगरानी राख्न
- कार्यकारी निकायहरुमा उत्तरदायित्व प्रवर्द्धन गर्न
- राजनीतिक सहमतिपूर्ण संस्कृतिको विकास गर्न
- विशेषज्ञको सुझाव लिन
- विचाराधीन विधेयकहरु सहमति कायम गरी कानुन निर्माण प्रक्रियालाई शीघ्रता प्रदान गर्न

सार्वजनिक प्रशासनको सबलीकरणमा संसदीय समितिको भूमिका
- सार्वजनिक प्रशासनलाई उत्तरदायी बनाउन
- सार्वजनिक प्रशासनलाई सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिन
- सार्वजनिक प्रशासनलाई आवश्यक पर्ने कानुनी संरचना र आधारहरू तयार गर्न
- आर्थिक अनुशासन कायम गर्न र बेरुजु घटाउन सहयोग गर्न
- सुशासन अभिवृद्धिमा सहयोग पुयाउन
- कानुनको शासन कायम गर्न क्रियाशील रहन
- निर्णयको प्रभावकारिता वृद्धि गर्न
- अपेक्षित उपलब्धिको प्रभावकारिता मापन गर्न
- प्रशासनमा गर्नुपर्ने समसामयिक सुधारका विषयमा सरकारलाई निर्देशन दिन
- पारदर्शिता अभिवृद्धिमा सघाउ पुऱ्याउन

संसदीय समितिलाई प्रभावकारी बनाउने उपायहरु
- सरकारले दिएका आश्वासनप्रति अति संवेदनशील हुनुपर्ने
- विधेयक पेस गर्नु अघि व्यापक छलफल र विश्लेषण गर्नुपर्ने
- स्वार्थ समूहको दबाबमा परी विधेयक पेस गर्न नहुने
- समितिबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्न कार्यान्वयन योजना सहित पहल गर्नुपर्ने
- समावेशी र समानुपातिक आधारमा समितिमा प्रतिनिधित्वको सुनिश्चिता गर्ने
- सदस्य संख्या सीमित गर्ने
- सांसदहरू दलीय प्रभावबाट मुक्त हुनुपर्ने
- संसद् चलेका समयमा सदस्यहरूको अनिवार्य उपस्थितिमा जोड दिने
- साधन स्रोतको पर्याप्त व्यवस्था गर्ने
- समितिमा विषय विज्ञ र अनुभवी तथा योग्य सदस्य छनोट गर्नुपर्ने
- विज्ञ र वरिष्ठ सदस्यलाई समितिको नेतृत्व दिने
- कार्यक्षेत्रमा रहेको दोहोरोपन हटाउने
- समिति सदस्यहरूको मूल्याङ्कन गर्ने परिपाटी बसाल्ने
- अनौपचारिक कार्यविधिको अवलम्बन गर्ने

निष्कर्ष
आधुनिक लोकतान्त्रिक शासन व्यवस्थामा प्रतिनिधित्व, कानुन निर्माण र निगरानी गर्ने कार्यमा सहयोग गरेर संसद्लाई सक्षम, सबल र प्रभावकारी बनाउन संसदीय समितिको महत्वपूर्ण रहेको पाइन्छ।

**५. सामाजिक न्यायका लक्षित वर्ग को-को हुन् ? सामाजिक न्यायका उद्देश्यहरूको चर्चा सामाजिक न्यायको प्रत्याभूति गर्न अवलम्बन गर्न सकिने उपायहरु उल्लेख गर्नुहोस्।**

पृष्ठभूमि
- उपलब्ध स्रोत साधन वा लाभ र अवसरको न्यायोचित वितरण गर्ने प्रक्रिया वा प्रणाली नै सामाजिक न्याय हो।
- सामाजिक न्याय लोकतान्त्रिक शासन व्यवस्था र मानवअधिकारको अवधारणा र अभिष्ट हो।

सामाजिक न्यायका लक्षित वर्ग
- सामाजिक वा सांस्कृतिक दृष्टिले पीछडिएका वर्ग
- महिला
- दलित
- आदिवासी
- आदिवासी जनजाति
- मधेशी
- थारू
- मुस्लिम
- उत्पीडित तथा पीछडा वर्ग
- अल्पसंख्यक एवं सीमान्तकृत वर्ग
- किसान तथा श्रमिक
- युवा, बालबालिका, ज्येष्ठ नागरिक
- लैंगिक तथा यौनिक अल्पसंख्य
- अपाङ्गता भएका व्यक्ति
- गर्भावस्थाका व्यक्ति
- अशक्त वा असहा
- पीछडिएको क्षेत्रका नागरिक
- आर्थिक रूपले विपन्न खस आर्य
- लोपोन्मुख समुदायका नागरिक
- द्वन्द्वपीडित

सामाजिक न्यायका उद्देश्यहरु
- समानताको सिद्धान्तलाई मूर्तरूप दिनु
- समतामूलक र न्यायपूर्ण समाजको स्थापना गर्नु
- स्रोत, साधन र अधिकारको न्यायपूर्ण र समानुपातिक वितरण गर्नु
- लोक कल्याणकारी राज्यको अवधारणा अनुरूप शासन सञ्चालन गर्नु
- मानवअधिकारको प्रवर्द्धन गर्नु
- जनताको जीवनस्तर उकास्नु
- शासकीय अभ्यास र विकास गतिविधिमा जनसहभागिता अभिवृद्धि गर्नु
- सामाजिक सुरक्षाको सुनिश्चितता गर्नु
- सामाजिक सद्भाव कायम राख्नु
- समाजमा पछि परेका वा पारिएका वर्गलाई मूल धारमा ल्याउन सहयोग पुऱ्याउनु
- विषमता, असमानता, भेदभाव र वर्गीय विभेदको अन्त्य गर्नु
- सबै नागरिकलाई मूल प्रवाहीकरण गर्नु

सामाजिक न्यायका उपायहरु
- समावेशीकरण
- सकारात्मक विभेद
- सशक्तीकरण
- विशेष संरक्षण
- विविधता व्यवस्थापन
- कानुनको शासन
- आरक्षण
- सूचनामा पहुँच एवं पारदर्शिता
- सहभागिता एवं प्रतिनिधित्व
- लैंगिक न्याय
- समन्वय र सहकार्य
- जनचेतनामूलक कार्यक्रम
- सुशासन
- समानता
- अविभेद

निष्कर्ष
सामाजिक न्याय लाभ नपाउनेका लागि लाभ, अवसर नपाउनेका लागि अवसर, संरक्षण विहीनका लागि संरक्षण पाउने कुराहरूको सुनिश्चितता हो।




## शेयरमा लगानी

# सम्पत्ति वृद्धि र पुँजी विविधीकरण

राजु श्रेष्ठ

हिजोआज नेपाली शेयर बजार पनि फस्टाउँदै गएको छ। अहिले ६० लाखभन्दा बढी नेपाली प्रत्यक्ष वा अप्रत्यक्षरूपमा शेयर बजारसँग जोडिएका छन्। तीमध्ये झन्डै आधा संख्या सक्रिय लगानीकर्ता छन्। सानो-सानो पुँजीबाट पनि प्रतिफल प्राप्त गर्न सकिने र बजारबाट लगानी संकलन गरी परियोजनाको विस्तार गर्न सकिने भएकाले शेयर बजारप्रति आकर्षण बढ्दो छ। नेपालमा शेयर बजारको समग्र बजार पुँजीकरण ४० खर्ब रुपियाँको हाराहारीमा रहेको छ भने ३ सयभन्दा बढी कम्पनी नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकरण भएका छन्। साथै दैनिक औसत १० अर्ब रुपियाँ कारोबार हुने गरेको छ।

विश्व बजारमा शेयर कारोबारको शुरुवात कसरी भयो भन्ने स्पष्ट छैन। यद्यपि, शेयर बजारको शुरुवात भने १५औं शताब्दीमा एन्टवर्प र लन्डनबाट भएको पाइन्छ। आधुनिक शेयर बजार भने सन् १६०२ मा एम्स्टर्डममा डच इस्ट इन्डिया कम्पनीको स्थापना भएसँगै शुरू भएको मानिन्छ।

सन् १९३७ मा विराटनगर जुट मिल्स् लिमिटेडको शेयर जारी भएकाले नेपालमा शेयर बजारको शुरुवात त्यसैलाई मान्ने गरिन्छ। तर, यो औपचारिकरूपमा संगठित शेयर बजार भने थिएन। त्यसो त त्यसअघि नै राणा र दरबारियाहरूले भारतका विभिन्न कम्पनीमा शेयर लगानी गरेको पनि पढ्न पाइन्छ। जे होस् शेयर बजारको औपचारिक शुरुवात विसं २०३३ सालमा सरकारले 'सेक्युरिटिज् एक्सचेन्ज सेन्टर' स्थापना गरेपछि भएको थियो। 'सेक्युरिटिज एक्सचेन्ज सेन्टर' लाई विसं २०५० मा नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा रुपान्तरण गरिएपछि शेयर बजार औपचारिक र व्यवस्थित बन्न पुग्यो। तथापि, नेप्सेले २०५१ मा मात्रै औपचारिकरूपमा कारोबार शुरू गरेको थियो। नेपालमा शेयर बजारको नियमन र विकास गर्न विसं २०५० सालमा नेपाल धितोपत्र बोर्डको स्थापना भयो।

### शेयर बजारको महत्व

दीर्घकालीन पुँजीको परिचालनमार्फत अर्थतन्त्रलाई उत्पादनशील क्षेत्रमा प्रवाह गराई प्रतिफललाई धेरैभन्दा धेरै व्यक्तिले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न सकिन्छ। पुँजीलाई प्रभावकारी र दीर्घकालीन परिचालन गर्न, सरकारलाई आवश्यक दीर्घकालीन पुँजी व्यवस्था गर्न, बचत परिचालन तथा लगानीमा वृद्धि गर्न, देशको औद्योगिकीकरण तथा पूर्वाधार विकास गर्न, देशको अर्थतन्त्रको विकास-विस्तारको प्रतिफल सर्वसाधारणमा समानरूपमा वितरण गर्न, वित्तीय बजारको सन्तुलित एवं एकीकृत विकास गर्न, कम लागतमा पुँजी परिचालनको व्यवस्था गर्न र खुलाबजार अर्थतन्त्रलाई सबलीकरण गर्न शेयर बजारको महत्व हुने गर्छ।



### लगानीकर्ताले ध्यान दिनुपर्ने

**शेयर बजारमा लगानी गर्दा, सही अनुसन्धान, विविधीकरण, दीर्घकालीन दृष्टिकोण र नियमित समीक्षा महत्वपूर्ण हुन्छ। यी सिद्धान्त पालना गर्दा जोखिमलाई कम गर्दै उच्च प्रतिफल प्राप्त गर्न सकिन्छ। लगानीकर्ताले बजारमा वर्तमानमा देखिएका प्रवृत्तिलाई हेरेर लगानी गर्नुहुँदैन, विगतमा कम्पनीले आर्जन गरेको नाफालाई हेर्नुपर्छ, लाभांश दिने अवस्था र अभ्यासलाई अध्ययन गर्नुपर्छ, कम्पनीको संस्थागत सुशासन र पारदर्शिता हेर्नुपर्छ, शेयर बजारबारे आधारभूत जानकारी लिएरमात्रै लगानी गर्नुपर्छ।**

**त्यस्तै, लगानीकर्ताले कम्पनीको ब्यालेन्स सिट (वासलात), नाफा र घाटाको अवस्था, कम्पनीको लगानी र आर्जनका माध्यम, शेयर संरचना र प्रतिशेयर आम्दानीअनुसार हालको बजार मूल्यको विश्लेषण गर्न जरुरी हुन्छ।**




### लगानी कसरी गर्ने ?

शेयर बजारमा विशेषगरी दुईवटा माध्यमबाट लगानी गर्न सकिन्छ : एउटा प्राथमिक बजार र अर्को दोस्रो बजार। प्राथमिक बजारमा प्रवेश गर्ने लगानीकर्ताले बजारमा नियामक निकायद्वारा अनुमति प्राप्त कम्पनी, संगठित संस्था वा सरकारले लगानी जुटाउन जारी गरेको शेयर, बन्ड तथा ऋणपत्रमा निश्चित प्रक्रिया पूरा गरेर लगानी गर्न सक्छन्। बजारमा सर्वसाधारणका निम्ति प्राथमिक शेयर निष्कासन (आईपीओ) र थप शेयर निष्कासन (एफपीओ)का रूपमा शेयर बिक्री खुल्ला गरिएको हुन्छ।

दोस्रो बजारमा प्रवेश गर्ने लगानीकर्ताको लगानी मात्रा, मुनाफा र जोखिम सबै बढी हुने गर्दछ। प्राथमिक बजारमा निष्काशन भएको शेयर नेप्सेमा सूचीकृत भएपछि पुन: कारोबार गर्ने व्यवस्था दोस्रो बजारमा मिलाइएको हुन्छ। शेयर ब्रोकरमार्फत यसको दैनिक कारोबार हुन्छ। आफैंले मूल्य तय गरी सूचीकृत कम्पनीको आफ्नो स्वामित्वमा रहेको शेयर अंश बिक्री वा अन्यबाट खरिद गर्न सकिन्छ। लगानीकर्ताहरूले माग र आपूर्तिमा आधारित र मूल्य निर्धारण हुन्छ। माग बढी भएमा मूल्य बढ्छ र कम भए घट्छ।

### किन लगानी गर्ने ?

साधारण लगानीकर्ताको अन्य लगानी विकल्पको तुलनामा शेयर बजारले उच्च प्रतिफल दिन सक्छ। शेयर बजारमा सजिलै किनबेच गर्न सकिन्छ, जसले लगानीकर्तालाई तरलता प्रदान गर्छ। आफूलाई रकमको आवश्कता भएको बेला बेच्न र बचत बढी भएकाबेला किन्न पाइन्छ। विभिन्न उद्योग र क्षेत्रका कम्पनीमा लगानी गरेर आफूसँग भएको पुँजीको विविधकीरण गरी मुनाफा गर्न र जोखिम घटाउन सकिन्छ। एउटै क्षेत्रमा लगानी गर्दा जोखिम हुन सक्छ। शेयर बजारले दीर्घकालीन रूपमा सम्पत्ति निर्माण गर्न मद्दत पुर्‍याउँछ। कम्पनीको मुनाफाको आधारमा शेयरको मूल्य बढ्न सक्छ। तसर्थ, आफूले लगानी गरेको लगानी भन्दा कयौं गुणा बढी सम्पत्ति वृद्धि हुन सक्छ। ■

# जंक फुड खाने लत बसेको छ भने आजै त्याग्नुस्

आजभोलि जंक फुड खाने चलन ह्वात्तै बढेको छ। साना बालबालिकादेखि पाका व्यक्ति पनि कुनै न कुनै रूपमा जंक फुडमै रमाइरहेका भेटिन्छन्। तपाईंमा पनि जंक फुड खाने लत बसेको छ भने त्यस्तो लत त्याग्नु तपाईको स्वास्थ्यका लागि लाभदायक हुन्छ।

जंक फुड भनेको शरीरलाई अतिआवश्यक पर्ने प्रोटिन, भिटामिन खनिजजस्ता अतिआवश्यक पदार्थ नभएको वा अतिकम भएको, तर चिनी, चिल्लोपदार्थजस्ता क्यालोरीयुक्त तत्व र नुनको मात्रा अत्यधिक भएको खाद्यवस्तु हो। अंग्रेजी भाषामा जंक भनेको, काम नलाग्ने, बेकारको भन्ने अर्थ लाग्छ। त्यसैले नेपालीमा यसलाई 'पत्रु खाना' भन्ने गरिन्छ।



खासगरी फाइबरको मात्रा कम भएका, क्यालोरी बढी भएका, चिल्लो बढी भएका तथा गुलियो बढी भएका, तेलमा डुबाएर तारिएका र स्वाद वृद्धिमा बढी ध्यान दिएर पकाइएका खाना जंक फुड हुन्। यी खाद्यवस्तुले स्वास्थ्यलाई फाइदा गर्दैनन्। शरीरलाई मोटो बनाउने, डायबिटिज, रक्तचाप, कोलेस्टेरोल बढाउनेजस्ता समस्या जंक फुडले उत्पन्न गर्न सक्छन्। पत्रु खानामा रेशादार पदार्थ नै नहुने हुनाले यसले कब्जियत गराउनुका साथै अन्य थुप्रै समस्या गराउँछ। कब्जियतको समस्या भएपछि टाउको दुख्नेलगायत विभिन्न समस्या हुन्छन्।

रङ्गिन बट्टा, सिसी, पाकेट वा प्लास्टिकमा बन्द गरेर बजारमा बेचिने जंक फुड खाने गर्नाले बालबालिकाको दाँतमा नराम्रो असर पुग्छ। चिसो पेयपदार्थमा पाइने चिनीले दाँतको इनामेललाई नस्ट गर्छन् र बाल्यकालमा नै दाँतमा किरा लाग्ने र प्वाल पर्ने हुन्छ। यस्तो खानामा पोषक तत्व हुँदैन,तर क्यालोरी बढी मात्रामा हुने भएकाले बालबालिका सानै उमेरदेखि मोटाउन थाल्छन्। चाउचाउ, चिजबल, केक, कुकिज, आइसक्रिम पाउरोटी, डोनोट, चक्लेट, मिठाइ, चिसो पेयपदार्थ, आलु चिप्स आदि बालबालिकाको स्वास्थ्यका लागि लाभदायक छैनन्।

जंक फुडमा चिल्लो पदार्थको मात्रा धेरै हुने मात्र होइन, यसमा सस्ता खालको खराब चिल्लोको प्रयोग गरिएको हुन्छ। धेरै नुन र खराब चिल्लोको मात्रा भएको खाना बारम्बार खाने गर्नाले कलिलो उमेरमै उच्च रक्तचाप देखापर्ने, कोलस्ट्रोल बढ्ने र भविष्यमा हृदयघात, मस्तिष्कघातको समस्या हुने हुन्छ।

जंक फुडलाई लामो समय सुरक्षित राख्न र स्वाद बढाउनका लागि विभिन्न किसिमका रसायनको प्रयोग गरिएको हुन्छ। जुन स्वास्थ्यका लागि लाभदायक हुँदैनन्। यस्ता जंक फुड थोरै खर्चमा तयार गरिने भए पनि यसको प्याकेजिङ र यसको प्रचारप्रसारमा धेरै खर्च गरिने भएकाले खानाको महत्वको आधारमा धेरै महंगा हुन्छन्। यसको साटो घरमा बनाइएका ताजा र पोषिला खाना खानुनै उपयुक्त हुन्छ। जंक फुड विद्यालय परिषरमा बेच्न पनि प्रतिबन्ध लगाउनुपर्छ। ■


**Book Insights:**

### LET'S DEVELOP A HABIT OF BOOK READING

*Reading books is essential. It helps us learn new things, think better, understand different viewpoints and sharpens our cognitive abilities. Books give us knowledge and wisdom from others' experiences. In our fast-changing world, reading helps us adapt and succeed, making it crucial for personal and professional growth. Every Monday, we will share a summary of recommended books for you to enjoy.*

## Lessons from Financial Wisdom: Rich Dad Poor Dad

by Robert T. Kiyosaki




"Rich Dad Poor Dad" by Robert T. Kiyosaki, published in 1997, is a groundbreaking book that has transformed the way people think about personal finance and investing. It contrasts the financial teachings of Kiyosaki's two father figures: his biological dad (Poor Dad) and his best friend's dad (Rich Dad). The book has achieved global success, selling over 40 million copies and being translated into more than 50 languages.

Core Message: Financial education is key to independence. Traditional education focuses on working for money; Kiyosaki argues for investing in income-generating assets.

**Chapter Highlights:**

1. *Rich Dad, Poor Dad:* Two dads, two money mindsets.
2. *The Rich Don't Work for Money:* Make money work for you through smart investing.
3. Why Teach Financial Literacy? Understanding assets vs. liabilities.
4. *Mind Your Own Business:* Build businesses, not just careers.
5. *Taxes and Corporations:* Use tax laws to grow wealth.
6. *The Rich Invent Money:* Creativity and innovation in wealth building.
7. *Work to Learn:* Prioritize skills over paychecks.
8. *Overcoming Obstacles:* Beat fear, laziness, and bad habits.
9. *Getting Started:* Take action, set goals, keep learning.
10. Still Want More? Seek mentors, read, attend seminars.

Why should Read It? "Rich Dad Poor Dad" is a game-changer for anyone wanting to master their finances and achieve independence. Perfect for Gen Z go-getters looking to break the 9-to-5 grind and build real wealth. ■

## आजको राशिफल

• ज्यो. काश्यप

**मेष**
समय बलवान् छ। कर्तव्य गर्नुस्, धनलाभ, उपहारादि वस्तु प्राप्तिको सम्भावना छ।

**वृष**
धन खर्च, चोटपटकको सम्भावना, वादविवाद, निरर्थक खर्च होला, सजग रहनुस्।

**मिथुन**
समय अनुकूल छ। आम्दानी, साथीभाइ-इष्टमित्रबाट सहयोग, खानेकुरा प्राप्त होला।

**कर्कट**
स्वस्थता, आनन्दको अनुभूति, कार्य सफल, सुख-सन्तोष हुँदा मन प्रफुल्ल होला।

**सिंह**
राजकाज, मुद्दामामिलामा झमेला, मान-सम्मानमा चोट, तनाव बेहोर्नुपर्ला।

**कन्या**
सजग रहनुस्, शारीरिक अस्वस्थता, आर्थिक नोक्सानी, काममा बाधा हुने देखिन्छ।

**तुला**
धन-सम्पत्ति प्राप्ति, समस्या समाधान, पुरस्कार-सम्मान प्राप्तिको सम्भावना छ।

**वृश्चिक**
दिन शुभ छ। थोरै मेहनतले धनलाभ, सफलता, पैसा प्राप्तिको सम्भावना छ।

**धनु**
बाथ-वायुजन्य समस्या आउन सक्छ, गर्न लागेको काममा बाधा-अड्चन हुन सक्छ।

**मकर**
दिन अनुकूल छैन। विवाद, पेटको स्वास्थ्य समस्या, विनाउपलब्धिको दौडधुपहोला।

**कुम्भ**
शुभ दिनको आगमन छ। पैसा लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, प्रसन्नता होला।

**मीन**
सजग रहनुस्। मानसिक चञ्चलता, निरर्थक धन र समयको नोक्सानी हुन सक्छ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित